## महिला पत्रकारमा

# कोभिड-१९ को असर

Media Advocacy Group
MAG
2064
Nepal

महिला पत्रकारमा

**कोभिड-१९ को असर**

**लेखक**

बबिता बस्नेत

सुस्मिता लामा

**सर्वाधिकार**

मिडिया एड्भोकेसी ग्रुप (म्याग) २०२०

**प्रकाशक**

FRIEDRICH EBERT STIFTUNG

Nepal Office

**फ्रेडरिक एवर्ट स्टिफटुङ (एफइएस) नेपाल**
सानेपा, ललितपुर, नेपाल
पोस्ट बक्स नं ११८४०
फोन ५९०२६०८
ईमेल fes@fesnepal.org
वेब https://nepal.fes.de

**मिडिया एड्भोकेसी ग्रुप (म्याग)**
माइतीघर, थापाथली हाइट
काठमाडौं ।
फोन नं. ४२२९४४०
इमेल maggroup08@gmail.com
वेबसाइट www.mag.org.np



# हाम्रो भनाइ

०४६ सालको प्रजातन्त्र प्राप्तिसँगै नेपालको पत्रकारिता क्षेत्रमा ठूलो परिवर्तन आयो। ०७७ साल मङ्सिरसम्मको सूचना तथा प्रसारण विभागको तथ्याङ्कअनुसार नेपालमा नियमित प्रकाशित पत्रपत्रिकामध्ये दैनिकको सङ्ख्या सात सय तीन छ । देशभरिबाट दुई हजार आठ सय ७५ साप्ताहिक पत्रपत्रिका प्रकाशित भइरहेका छन् भने एक हजार एक सय २७ वटा एफएम रेडियो, दुई सय दुईवटा टेलिभिजन च्यानल, एक हजार तीन सय ३० अनलाइन, एक समाचार एजेन्सी, चार सरकारी मिडिया, दर्जनौँ उत्पादन गृह रहेका छन् । नेपाल पत्रकार महासङ्घको तथ्याङ्कअनुसार, देशभरिका पत्रकारको सङ्ख्या १३ हजार ५० छ जसमा दुई हजार तीन सय ५४ महिला पत्रकार रहेका छन् ।

सञ्चारिका समूहले वि.सं. ०७२ मा गरेको 'नेपालमा पत्रकार महिला' अनुसन्धानअनुसार मुलुकभरिका विभिन्न सञ्चारमाध्यममा कार्यरत महिला सञ्चारकर्मी तथा पत्रकारको सङ्ख्या २५ प्रतिशत रहेको छ । पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइन सबै प्रकारका सञ्चारमाध्यममा महिला पत्रकारको सहभागिता रहेको छ ।

सन् २०१९ को डिसेम्बरबाट सुरु भएको कोभिड-१९ को महामारीले नेपाल पनि अछुतो रहन सकेन । मुलुकमा कोभिड-१९ को प्रवेशसँगै मिडिया क्षेत्र प्रभावित हुन पुग्यो । मिडिया क्षेत्रमा परेको असरबाट महिला पत्रकार तथा सञ्चारकर्मीहरू टाढा रहन सकेनन् । कतिले रोजगारी गुमाए, कतिले बिनातलब काम गर्नुपर्ने अवस्थाको सिर्जना भयो, कति आफैँ सङ्क्रमित भएर थप जोखिममा परे भने कति पेसाबाटै पलायन भए । कोभिड-१९ बाट महिला पत्रकारलाई परेको असरका सम्बन्धमा मिडिया एड्भोकेसी ग्रुप (म्याग)ले फ्रेडरिक इवर्ट स्टिफटुङ (एफइएस)सँगको सहकार्यमा **'महिला पत्रकारमा कोभिड–१९ को असर'** अध्ययन

गरेको छ । विभिन्न सीमितताबीच गरिएको यो अध्ययनले महिला पत्रकारमाथि परेको आर्थिक, मनोवैज्ञानिकलगायतका असरका साथै कोभिडका बेला सूचनाको पहुँच, भौतिक तथा पेसागत सुरक्षालगायतलाई समेटेको छ ।

यो अध्ययनले आगामी दिनमा विपत् तथा महामारीको परिस्थितिमा रिपोर्टिङ गर्नका लागि आवश्यक तयारीबारे सरकार, सम्बन्धित सङ्घसंस्था, मिडिया हाउस तथा महिला पत्रकार स्वयम्लाई सजग गराउने विश्वास गरिएको छ । यो अध्ययनमा साझेदारी तथा सल्लाह-सुझावका लागि एफइएस र एफइएसकी लैङ्गिकविज्ञ पवित्रा राउतलाई धन्यवाद दिन चाहन्छु । अध्ययनको संरचना र सम्पादनमा महत्वपूर्ण योगदान दिनुहुने डा. महेन्द्र विष्टप्रति आभार व्यक्त गर्दछु । फोकस ग्रुपको संयोजन तथा सल्लाह सुझाबका लागि मिडिया एड्भोकेसी ग्रुपका अध्यक्ष अनिता बिन्दु र बोर्डका पदाधिकारीहरु तथा अध्ययनमा सहभागी सातै वटा प्रदेशका महिला पत्रकारहरुलाई धन्यवाद दिन चाहन्छु ।

**बबिता बस्नेत**
कार्यकारी निर्देशक
मिडिया एड्भोकेसी ग्रुप
(म्याग)

# आफ्नै बारेमा

मिडिया एड्भोकेसी ग्रुप (म्याग) महिला, मिडिया र सूचनाको क्षेत्रमा कार्यरत संस्था हो । मिडिया, कानुन, व्यवस्थापन तथा एड्भोकेसीको क्षेत्रमा लामो समयदेखि कार्यरत व्यक्तित्वहरूको सहभागिता रहेको म्यागले सूचनाको हकलाई सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि संयन्त्रको रूपमा प्रयोग गर्न स्थानीयदेखि राष्ट्रिय तहसम्म विभिन्न काम गर्दै आएको छ । सूचनामा सर्वसाधारण नागरिक तथा महिलाको पहुँच, महिला, शान्ति र सुरक्षा, सुरक्षित वैदेशिक रोजगारी र लैङ्गिक हिंसाको न्यूनीकरणमा वकालत म्यागको प्रमुख कार्यक्षेत्र हो । महिलासम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रहरू तथा मुलुकमा विद्यमान कानुनहरूको कार्यान्वयनका सन्दर्भमा म्यागले वकालतको भूमिका निर्वाह गर्दै आएको छ । पछाडि पारिएका सीमान्तकृत वर्गको मूलप्रवाहीकरण र सुसूचित तथा समतामूलक समाजको निर्माण संस्थाको अन्तिम लक्ष्य हो ।

**मिडिया एड्भोकेसी ग्रुप (म्याग)**

# विषय-सूची

हाम्रो भनाइ ........ ३
आफ्नै बारेमा ........ ५
पृष्ठभूमि ........ ९

**अध्याय १ पत्रकारिता र महिला** ........ १०
१.१ पत्रकारितामा महिला ........ १०
१.२ नेपाली पत्रकारितामा महिला ........ ११
१.२.१ सहभागिताको अवस्था ........ १२
१.२.२ नीतिगत अवस्था ........ १४
१.२.३ सङ्घ-सङ्गठनमा आबद्धता ........ १५

**अध्याय २ कोभिड-१९** ........ १६
२.१ कोभिड-१९ ........ १६
२.२ नेपालमा कोभिड-१९ को प्रवेश ........ १६
२.३ नेपाली मिडियामा कोभिड-१९ को असर ........ १७

**अध्याय ३ कोभिड-१९ को असर : अध्ययन विधि र नतिजा** ........ १९
३.१ उद्देश्य ........ १९
३.२ अध्ययन विधि र प्रक्रिया ........ २०
३.३ ढाँचा ........ २१
३.४ अध्ययनका सीमा ........ २२
३.५ तथ्याङ्क सङ्कलन ........ २३

३.५.१ महिला पत्रकारको वस्तुस्थिति ........................................२३
३.५.२ मनोवैज्ञानिक असर .................................................... ३०
३.५.३ कोभिड-१९ का कारणले आर्थिक असर.............................३२
३.५.४ घरबाट काम र काम गर्ने वातावरण................................३३
३.५.५ प्राकृतिक प्रकोप र विपत्तिसम्बन्धी रेपोर्टिङ अनुभव .............३६
३.५.६ सुरक्षाको अनुभूति.......................................................३६
३.५.७ पुरुष र महिला पत्रकारबीच लैङ्गिक विभेद.......................३७
३.५.८ लैङ्गिक हिंसाका अनुभव............................................. ३९
३.५.९ मिडिया हाउसबाट सहयोग........................................... ४१
३.५.१० सूचनाको हक र सूचना प्राप्ति ......................................४२
३.५.११ लैङ्गिक असमानता र विभेद हुन नदिन सुझाव................ ४३

**अध्याय ४ कोभिड-१९ ले महिला पत्रकारमा पारेको असरको विश्लेषण**.. ४७
४.१ छलफलको विश्लेषण ..........................................................४७
४.२ महिला पत्रकारको सुरक्षा.......................................................४९

**अध्याय ५ चुनौती र अवसर**...................................................... ५१
५.१ कोभिड-१९ ले निम्त्याएका थप चुनौती .................................. ५१
५.२ कोभिड-१९ ले महिला पत्रकारलाई दिएको अवसर .......................५२

**अध्याय ६ निष्कर्ष तथा सुझाव**................................................... ५३
६.१ निष्कर्ष .............................................................................. ५३
६.२ सुझाब ...............................................................................५४

सन्दर्भ सामग्री.............................................................................५५

अनुसूची १ अनलाइन सर्वेक्षण प्रश्नावली......................................... ५७
अनुसूची २ प्रश्नावलीलक्षित समूहगत छलफल (एफजिडी) ..................६८

# पृष्ठभूमि

विश्वमा पत्रकारिताको सुरुवात १७औँ शताब्दीमा युरोपबाट भएको हो । पत्रकारिताको विश्व-इतिहास छापा माध्यमको पत्रकारितासँग जोडिएको छ । नेपालमा पनि पत्रकारिताको सुरुवात छापा पत्रकारिताबाट भएको हो । नेपाली पत्रकारिताको इतिहास सन् १८५१ (वि.सं. १९५५) मा नेपालमा भित्रिएको हातेप्रेसबाट सुरु भएको हो । सोही प्रेसमा वि.सं. १९५५ मा छापिएको मासिक म्यागेजिन सुधासागर नेपालको पहिलो पत्रिका हो । सरकारी मुखपत्रका रूपमा सन् १९०१ (वि.सं. १९५८ वैशाख २४ गते) देखि प्रकाशित भएको गोरखा पत्र र सन् १९६५ (वि.सं. २०२२) देखि प्रकाशित द राइजिङ नेपाल नेपालको पत्रकारिताको इतिहासका खम्बा हुन् जो अहिलेसम्म निरन्तर चलिरहेकै छन् । वि.सं. २००७ सालपछि नेपालमा व्यावसायिक पत्रकारिताको सुरुवात भएको हो । सन् १९५० (वि.सं. २००७) मा रेडियो नेपाल र सन् १९८५ (वि.सं. २०४२) मा नेपाल टेलिभिजनको प्रसारण सुरु भएपछि नेपालमा विद्युतीय सञ्चारमाध्यम रेडियो र टेलिभिजनको सुरुवात भएको हो । सन् १९९० (वि.सं. २०४६) मा मुलुकमा प्रजातन्त्र आएपछि अन्य विभिन्न क्षेत्रमा जस्तै सञ्चारको क्षेत्रमा पनि तीव्र रूपमा विकास भयो ।

अहिले २०७७ साल मङ्सिरसम्म आइपुग्दा सूचना तथा प्रशारण बिभागको तथ्याङ्क अनुसार, देशभरिबाट दुई हजार आठ सय ७५ साप्ताहिक पत्रपत्रिका प्रकाशित भइरहेका छन् भने एक हजार एक सय २७ वटा एफएम रेडियो, दुई सय दुईवटा टेलिभिजन च्यानल, एक हजार तीन सय ३० अनलाइन, एक समाचार एजेन्सी, चार सरकारी मिडिया, दर्जनौँ उत्पादन गृह रहेका छन् । नेपाल पत्रकार महासङ्घको तथ्याङ्कअनुसार, देशभरिका पत्रकारको सङ्ख्या १३ हजार ५० छ जसमा दुई हजार तीन सय ५४ महिला पत्रकार रहेका छन् ।

अध्याय १

# पत्रकारिता र महिला

## १.१ पत्रकारितामा महिला

विश्व पत्रकारिताको इतिहास हेर्दा १६औँ शताब्दीदेखि नै महिला पत्रकारितामा प्रवेश गरेको देखिन्छ। सन् १६५८ मा डेनमार्कमा सोफी मेर्सिनको नाम अखबारको प्रिन्टलाइनमा छापिएको थियो । सम्पादकका रूपमा उनको नाम छापिए पनि उनले आफैँ लेख्ने काम नगरेर पतिको अखबार सम्हाल्ने काम गरेकी थिइन् भनिन्छ । सालट बेनेटलाई डेनमार्कमा लामो समय निरन्तर कलम चलाउने महिलाको रूपमा लिइन्छ । उनले सन् १७८६ देखि १७९३ सम्म मोर्गन पोस्ट भन्ने साप्ताहिक अखबारमा लेखिन् । मोर्गन पोस्ट तत्कालीन समयमा डेनमार्कको चर्चित पत्रिका थियो । सन् १७८२ मा फिनल्यान्डमा क्याथरिन अल्प्रिनले पहिलो महिला पत्रकारका रूपमा आफ्नो पहिचान बनाउँदा तत्कालीन समाजले उनलाई विशेष रूपमा हेर्थ्यो । उनी स्विडिस थिइन् र पत्रिका पनि स्विडिस भाषामै प्रकाशित हुन्थ्यो । सन् १७९४ मा नर्वे, त्यसपछि फिनल्यान्ड, फ्रान्स, अमेरिका, क्यानडा हुँदै विश्वव्यापी रूपमा पत्रकारितामा महिलाको प्रतिनिधित्व हुँदै गएको हो । विभिन्न देशमा पत्रकारितामा फाट्टफुट्ट महिला देखिँदै आए पनि सन् १८५० देखि भने महिला पत्रकारितामा आउनुलाई सामान्य मान्न थालियो । आन मार्गरेट नोयर १८औँ शताब्दीकी युरोपकै चर्चित फ्रान्सेली पत्रकार भएबाट महिलाले पत्रकारितामा सुरुदेखि नै इतिहास रचेका थिए भन्न सकिन्छ ।

अमेरिकामा सन् १६९३ मा पहिलो महिला म्यागेजिन 'द लेडिज' प्रकाशित भएको थियो । पुरुष सम्पादक भएको 'द लेडिज' ४ अङ्कसम्म प्रकाशित भएर बन्द भयो । मार्गरेट हिगिन्स विश्वचर्चित पुलित्जर अवार्ड प्राप्त गर्ने पहिलो महिला

पत्रकार हुन् । इन्टरनेसनल रिपोर्टिङका लागि उनले सन् १९५१ मा उक्त पुरस्कार प्राप्त गरेकी थिइन् ।

## १.२ नेपाली पत्रकारितामा महिला

सन् १९५२ मा प्रकाशित 'महिला' म्यागेजिनबाट पत्रकारिता क्षेत्रमा नेपाली महिलाको उपस्थिति देखिन्छ । 'महिला' म्यागेजिनमा साधना प्रधान र कामाक्षादेवी सम्पादक थिए । कतिपयले वि.सं. १९८० देखि नेपाली महिला पत्रकारितामा संलग्न हुन थालेका हुन् भन्ने गरे पनि प्रमाणले चाहिँ वि.सं. २००८ साल जेठमा नेपाल महिला सङ्घले प्रकाशित गरेको 'महिला' मासिकबाट नै नेपालको पत्रकारितामा महिलाको सहभागिता भएको हो भन्ने देखाउँछ । नेपाली माटोमा महिलाद्वारा सम्पादित भई प्रकाशित भएको पत्रिकाको जेठो बिरुवा यही हो । साधना प्रधान र कामाक्षादेवी सम्पादक रहेको उक्त पत्रिकामा सलवन्ती, मधुकरी, प्रमिला सहसम्पादक रहेका थिए भने मायादेवीले व्यवस्थापकको भूमिका निर्वाह गरेकी थिइन् भन्ने तथ्य भेटिन्छ ।

वि.सं. २००८ साल असोजमा प्रियम्बदा शर्माको प्रधान सम्पादकत्वमा 'प्रभा' (मासिक) पत्रिका प्रकाशित भयो भने वि.सं. २००९ सालमा कुन्तिदेवीको सम्पादकत्वमा 'प्रतिभा' (मासिक) पत्रिका प्रकाशित भयो । त्यसैगरी वि.सं. २०१० सालमा रमादेवी 'जनविकास' (मासिक) पत्रिकाको सम्पादक तथा प्रकाशकको रूपमा देखापरिन् । उक्त समयमा अरू पत्रिका एक-दुई अङ्कमा नै सीमित भइरहेको परिप्रेक्ष्यमा जनविकास मासिक भने १२ अङ्कसम्म प्रकाशित भएको थियो ।

त्यसैगरी वि.सं. २०११ सालमा 'जनसाहित्य' (द्वैमासिक) नामको अर्को पत्रिका पनि रमादेवीले नै निकालेको प्रमाण भेटिन्छ । यदि समयको गतिसँगै त्यो क्रम अगाडि बढ्न सकेको भए सञ्चार क्षेत्रमा महिलाको सहभागिताको स्थिति सुरुदेखि नै मजबुत हुने थियो । तर, मुलुकमा व्याप्त राजनीतिक अस्थिरता, शिक्षाको अभाव तथा रुढीवादी पारिवारिक-सामाजिक मूल्यमान्यताले गर्दा पत्रकारिता क्षेत्रमा महिलाको सहभागिताले निरन्तरता पाउन नसकेको हो भन्न सकिन्छ ।

वि.सं. २००७ मा रेडियो नेपाल र वि.सं. २०४२ मा नेपाल टेलिभिजनको प्रसारण हुन थालेपछि राष्ट्रिय सञ्चारमाध्यममा महिलाको सहभागिता स्पष्ट रूपमा देखापरेको हो । यसअघिको सहभागितालाई फाट्टफुट्ट मात्रै मान्नुपर्ने हुन्छ । वि.सं २०४७ मा मुलुकमा प्रजातन्त्र आएपछि भएको सञ्चारमाध्यमको विकाससँगै सबै प्रकारका सञ्चारमाध्यममा महिला सञ्चारकर्मी र पत्रकारको सहभागिता बढेको हो ।

### १.२.१ **सहभागिताको अवस्था**

सञ्चारिका समूहले सन् २०१६ मा नेपालभरिका ९०७ सञ्चारगृहमा गरेको अध्ययनअनुसार राजधानीका विभिन्न मिडियामा २१ प्रतिशत महिला पत्रकार कार्यरत छन् । यसैगरी मोफसलमा २६.७ प्रतिशत महिला पत्रकारको सङ्ख्या छ । महिला पत्रकार र सञ्चारकर्मीमध्ये धेरैजसो रेडियोमा कार्यरत रहेको अध्ययनले देखाएको छ । समूहको प्रतिवेदनअनुसार, कुल महिला पत्रकारमध्ये रेडियोमा ४७.८ प्रतिशत, छापामाध्यम (पत्रपत्रिका)मा ४०.५ प्रतिशत, टिभीमा १० प्रतिशत र अनलाइनमा १.७ प्रतिशत कार्यरत रहेको पाइयो । सञ्चार गृहले उपलब्ध गराएको तथ्याङ्क केलाउँदा मुख्य निर्णायक पदमा महिलाको सङ्ख्या निकै निराशाजनक देखिन्छ । मुलुकभरिको अवस्था हेर्दा कुल ४१ प्रधान सम्पादकमध्ये २.४ प्रतिशत मात्रै महिला देखिएको छ । यस्तै, प्रबन्ध-कार्यकारी सम्पादक ४७ जनामध्ये महिला ४.३ प्रतिशत र सात सय ७७ सम्पादकमध्ये ११.१ प्रतिशत महिला छन् । सरसर्ती हेर्दा सम्पादक तहमा धेरै महिला भएजस्तो देखिए पनि प्रभावकारी सञ्चार संस्थामा भने औँलामा गन्न सकिने मात्रै महिला छन् । राजधानीका ३२ सञ्चारगृहको तथ्याङ्क हेर्दा त्यसमा प्रधान सम्पादक कुल १२ र प्रबन्ध-कार्यकारी सम्पादक ६ मध्ये महिलाको सङ्ख्या शून्य छ । यस्तै, सम्पादक कुल ६७ मध्ये पुरुष ९८.५ र महिला १.५ प्रतिशत छ । अधिकांश सञ्चारगृहसँग स्पष्ट रूपमा लैङ्गिक नीति नभएको पाइयो । ६१.८ प्रतिशतले आफूसँग लैङ्गिक नीति नभएको बताएका छन् । सर्वेक्षणमा भाग लिएका १४.७ प्रतिशत सञ्चारगृहले मात्रै छुट्टै लैङ्गिक नीति रहेको बताए भने २३.५ प्रतिशतले त्यसबारे बताउन चाहेनन् ।

सञ्चारिका समूहले गरेको अध्ययनअनुसार, जातीय रूपमा हेर्दा कुल एक हजार आठ सय ६२ महिला पत्रकारमध्ये ब्राह्मण/क्षत्री/अन्य समुदायका ६१.४ प्रतिशत

छन् । यस्तै, आदिवासी-जनजाति समुदायका २५.१ प्रतिशत, मधेसी समुदायका ६.९ प्रतिशत र दलित समुदायका ६.६ प्रतिशत छन् ।

केही समययता सञ्चारमाध्यमको सङ्ख्यात्मक वृद्धिसँगै सञ्चारमाध्यममा महिलाको सहभागिता पनि बढिरहेको छ। तैपनि पुरुष पत्रकार तथा सञ्चारकर्मीको तुलनामा महिला पत्रकार र सञ्चारकर्मीको सङ्ख्या न्यून छ । लामो समयदेखि महिला र सञ्चारमा केन्द्रित रहेर अध्ययन-अनुसन्धान नभएका कारण यो सङ्ख्या कति छ भनेर किटान गर्न सक्ने अवस्था छैन । सन् २०११ मा काठमाडौं उपत्यकालाई केन्द्रित गरेर सञ्चारिका समूहले गरेको अनुसन्धानमा सञ्चार क्षेत्रमा महिला सञ्चारकर्मीको सङ्ख्या २४ प्रतिशत देखिएको थियो । सन् २०१५ को अध्ययनलाई सन् २०११ को अध्ययनसँग तुलना गरेर हेर्दा चार वर्षको बीचमा राजधानीमा महिला पत्रकारको सङ्ख्या २ प्रतिशतले बढेको देखिन्छ । सन् २०११ को अध्ययनमा रेडियो, टेलिभिजन र छापालाई छुट्याएर हेर्दा रेडियोमा महिला पत्रकार तथा सञ्चारकर्मीको सङ्ख्या ४२ प्रतिशत, छापा माध्यममा ३२ प्रतिशत र टेलिभिजनमा २६ प्रतिशत रहेको तथ्याङ्कले देखाएको थियो । राजधानीमा मात्र नभएर विभिन्न जिल्लामा सञ्चारमाध्यमको सङ्ख्या बढ्ने क्रम जारी छ । विशेषगरी एफएम रेडियोहरूको स्थापनासँगै महिला पत्रकार तथा सञ्चारकर्मीको सहभागिता पनि बढिरहेको छ ।

विभिन्न जिल्लामा एफएम स्टेसनहरू स्थापना भएका र तिनमा महिलाको उत्साहजनक सहभागिताका कारण यो सङ्ख्या पहिलाको तुलनामा बढेको हो । विगतमा समाचारवाचकका रूपमा महिलाको सहभागिता बढी भए पनि अहिले समाचार शाखा या रिपोर्टिङमा संलग्न महिलाको सङ्ख्या बढ्दै गएको छ । विद्युतीय सञ्चारमाध्यमहरू रेडियो, एफएम र टेलिभिजन च्यानलका तुलनामा छापा माध्यममा काम गर्ने महिलाको सङ्ख्या अझ कम छ। नाम चलेका कतिपय ठूला मिडिया हाउसमा पनि महिला रिपोर्टरको सङ्ख्या बढ्न सकेको छैन। दैनिक पत्रिकाहरूमा पत्रकारहरू प्राय: एउटाबाट अर्कोमा जाने क्रम चलिनै रहन्छ । साप्ताहिक पत्रिका र म्यागेजिनहरूमा महिलाको सहभागिता दैनिकमा भन्दा अझ न्यून छ । समाचार शाखामा मात्र होइन, नीतिगत तहमा पनि महिलाको सहभागिता नगन्य नै छ चाहे त्यो सरकारी सञ्चारमाध्यमहरूमा होस् या निजी । निजी सञ्चारगृहका सञ्चालकहरूदेखि सरकारी सञ्चारमाध्यमका सञ्चालक समितिहरूमा समेत महिला सहभागिता थोरै छ । रेडियो र टेलिभिजनमा

महिलाको सहभागिता उत्साहजनक भए पनि कार्यक्रम निर्माण तथा फिचर लेखनको तुलनामा रिपोर्टिङ, सम्पादन एवम् प्राविधिक क्षेत्रमा महिलाको सङ्ख्या कम छ । कार्यक्रम निर्माणमा पनि समसामयिक विषयमा भन्दा सामाजिक एवम् मनोरञ्जनात्मक कार्यक्रममा महिलाको सहभागिता बढी छ ।

### १.२.२ **नीतिगत अवस्था**

प्रेस कमिसनको रिपोर्ट २०१५ नेपालमा सञ्चारसम्बन्धी पहिलो नीतिगत दस्तावेज मानिन्छ भने राष्ट्रिय आमसञ्चार नीति २०७३ पछिल्लो र विद्यमान नीति हो । राष्ट्रिय आमसञ्चार नीति २०७३ मा छापा, रेडियो, टेलिभिजन, अनलाइन, इन्टर नेटजस्ता माध्यमको कन्भरजेन्स, लगानी र क्षेत्रको आधारमा सञ्चारमाध्यमको वर्गीकरण, सम्पादकीय नीतिको सार्वजनिकीकरण, क्लिनफिड, मिडिया एकाधिकार (मिडिया मोनोपोली) र मिडिया सघनता (मिडिया कन्स्ट्रेसन)लाई निरुत्साहन गर्नेलगायतका कुरा समेटिएको छ । आमसञ्चार नीति २०७३ अन्तर्गत गठन हुनुपर्ने निकायहरूमा सार्वजनिक सेवा प्रसारक (पब्लिक सर्भिस बोर्डकास्टिङ), पुनर्संरचनासहितको मिडिया काउन्सिल, राष्ट्रिय आमसञ्चार प्राधिकरण, राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान, नेपाल आमसञ्चार सङ्ग्रहालय र विज्ञापन बोर्ड रहेका छन् । यी सबै निकायमा महिला पदाधिकारी रहने व्यवस्था गरिएको छ ।

यसैगरी प्रेस काउन्सिलबाट पत्रकार महासङ्घको सहमतिमा जारी लैङ्गिक उत्तरदायी सञ्चार निर्देशिकामा महिलासँग सम्बन्धित समाचार प्रकाशित-प्रसारित गर्न नहुने बुँदाहरू उल्लेख गर्नुका साथै महिला पत्रकारको पेसागत हित र अवसरलाई पनि समेटिएको छ ।

कोभिड-१९ सम्बन्धी सामग्रीका लागि विश्व स्वास्थ्य सङ्गठनले पत्रकारलाई लक्षित गरेर विश्वव्यापी रूपमै निर्देशिका जारी गरेको थियो भने प्रेस काउन्सिल नेपाल र विश्व स्वास्थ्य सङ्गठनको निर्देशिकाको आधारमा नेपाल पत्रकार महासङ्घद्वारा अपिल जारी गरिएको थियो । यसैगरी नेपाल टेलिभिजनलगायतका कतिपय सञ्चारमाध्यमले पनि स्वास्थ्य प्रोटोकल जारी गरेका थिए ।

कोरोनासम्बन्धी निर्देशिका विशेषगरी विषयवस्तुसँग सम्बन्धित रहे पनि फिल्ड रिपोर्टिङमा जाँदा सुरक्षा सतर्कताका कुरा उल्लेख गरिएको छ । नेपाल पत्रकार

महासङ्घ र प्रेस काउन्सिलले निर्देशिका जारी गरे पनि सरकारी तथा निजी कुनै पनि सञ्चारमाध्यममा महिलाका लागि छुट्टै नीति भने छैन । जसका कारण काम गर्ने वातावरण महिलामैत्री नभएको गुनासो महिला पत्रकार तथा सञ्चारकर्मीहरूले गर्दै आएका छन् ।

सङ्घसंस्थातर्फ नेपाल पत्रकार महासङ्घले सदस्यताका लागि महिलालाई विशेष नीति अवलम्बन गरेको छ । जसअनुसार, पुरुषका लागि साधारण सदस्य हुन तीन वर्ष काम गरेको हुनुपर्छ भने महिलाका लागि एक वर्ष गरिएको छ। यसैगरी केन्द्रीय पदाधिकारीमा पनि उपाध्यक्ष, सचिव र केन्द्रीय सदस्य पदमा आरक्षणको व्यवस्था गरेको छ। आरक्षणको व्यवस्था प्रदेश र शाखामा पनि छ ।

### १.२.३ सङ्घ–सङ्गठनमा आबद्धता

नेपाल पत्रकार महासङ्घको तथ्याङ्कअनुसार, महासङ्घका जम्मा १३ हजार ५० सदस्य सङ्ख्यामा दुई हजार तीन सय ५४ महिलाको सङ्ख्या छ। प्रतिशतमा यो सङ्ख्या करिब १८ प्रतिशत हो । यसैगरी नेपाल प्रेस युनियनको विधानमा ३३ प्रतिशत महिला सहभागिता हुनुपर्ने उल्लेख भए पनि करिब १८ प्रतिशत रहेको छ । प्रेस सङ्गठन नेपाल सङ्गठनको संरचना व्यवस्थापन गर्ने क्रममा छ । सङ्गठनको केन्द्रीय समितिमा अहिले करिब १३ प्रतिशत महिलाको सहभागिता रहेको छ । यी कुनै पनि सञ्चार संस्थाको प्रमुख अहिलेसम्म महिला छैनन् । नेपाल पत्रकार महासङ्घको उपाध्यक्षमा महिलाले सफल भूमिका निर्वाह गरे पनि अध्यक्ष हुने अवसर र वातावरण भने निर्माण हुन सकेको छैन । महिला पत्रकारको सहभागिता तथा मुद्दामा केन्द्रित भएर काम गर्नका लागि सञ्चारिका समूह र वर्किङ विमेन जर्नालिस्ट (डब्ल्युडब्ल्युजे) कार्यरत छन् । यी दुवै संस्थाको संरचनामा महिला मात्रै सदस्य रहने व्यवस्था रहेको छ ।

### अध्याय २

# कोभिड–१९

## २.१ कोभिड–१९

कोभिड-१९ को अर्थ CO = Corona, Vi = Virus, D = Disease- 19 भन्नाले २०१९ मा उत्पन्न भाइरस हो । कोभिड-१९ को सुरुवात सन् २०१९ को डिसेम्बर महिनामा चीनको वुहान सहरबाट भएको थियो । विश्व स्वास्थ्य सङ्गठन (WHO) ले कोरोना भाइरसबाट अन्तर्राष्ट्रिय रूपमै जनस्वास्थ्यमा सङ्कट हुने भनी ३० जनवरी, २०२० मा जानकारी गराएको थियो । जनस्वास्थ्यमा कोभिड-१९ को अत्यधिक प्रभाव पर्न थालेपछि विश्व स्वास्थ्य सङ्गठनले ११ मार्च, २०२० मा विश्व महामारी (Pandemic) भएको घोषणा गरेको थियो । कोभिड-१९ को प्रकोप बढेसँगै प्रभावित प्रायः सबै देशहरूले बन्दाबन्दी (Lockdown) को घोषणा गरी सुरक्षा, सतर्कता, रोकथाम र उपचारका विधिहरू अपनाएका थिए ।

सन् २०२० को आखिरीसम्ममा आइपुग्दा विश्वमा १८ लाख एक हजार एक सय ६० को मृत्यु भएको छ भने आठ करोड १५ लाख ९२ हजार तीन सय ६४ सङ्क्रमित भएका छन् ।

## २.२ नेपालमा कोभिड–१९ को प्रवेश

नेपालमा पहिलोपल्ट वि.सं. २०७६ साल माघ १० गते (जनवरी २४, २०२०) पहिलो कोरोना पुष्टि भएको थियो । चीनको वुहान युनिभर्सिटीमा अध्ययनरत ३२ वर्षीय युवा नेपाल आएपछि परीक्षण गर्दा उनलाई कोरोना पोजेटिभ देखिएको थियो । त्यतिवेला नेपालमा परीक्षण सुविधा नभएका कारण ती युवाको कोरोना परीक्षणका लागि हङकङ पठाइएको थियो । कोरोना पोजेटिभ आएपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पत्रकार सम्मेलन गरेर जानकारी दिएको थियो । उनी

केही दिन अस्पताल बसेर घर फर्किए पनि त्यतिबेला कोरोना भाइरसले गम्भीर रूप नलिइसकेको हुँदा खासै वास्ता गरिएन । वि.सं. २०७६ साल चैत १० गते कोरोना पुष्टि भएकी दोस्रो सङ्क्रमितका बारेमा भने व्यापक चर्चा भएको थियो । उनी वि.सं. २०७६ साल चैत ४ गते फ्रान्सबाट नेपाल आएकी थिइन् । टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा २७ दिन बसेर घर फर्किएकी उनी सम्भवत: नेपालको मिडियामा सबैभन्दा बढी चर्चा पाएकी कोभिड-१९ बाट सङ्क्रमित व्यक्ति हुन् । सन् २०२० को आखिरीसम्ममा आइपुग्दा नेपालमा एक हजार आठ सय २५ को मृत्यु भएको छ भने दुई लाख ५८ हजार एक सय ८१ जना सङ्क्रमित भएका छन् ।

## २.३ नेपाली मिडियामा कोभिड–१९ को असर

फ्रान्सबाट फर्किएकी दोस्रो सङ्क्रमितबारे जानकारी दिन वि.सं. २०७६ साल चैत ११ गते गरिएको पत्रकार सम्मेलनमा पत्रकारको भिड लागेको थियो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा आयोजित उक्त पत्रकार सम्मेलनले सात महिनासम्म प्रत्येक दिन निरन्तरता पाएको थियो । २०७६ असोज महिनादेखि सातामा दुई दिन प्रेस ब्रिफिङ गर्ने गरिएको छ ।

सरकारी प्रेस ब्रिफिङ र अन्य स्रोतबाट कोभिड-१९ को समाचार प्रकाशित-प्रसारित गर्दै आएका पत्रकार र मिडिया हाउसमाथि कोभिडको असर सुरुवाती दिनदेखि नै देखियो । वि.सं. २०७६ साल चैत ११ गतेदेखि मुलुकमा पहिलोपल्ट राष्ट्रव्यापी ‘ लकडाउन’ घोषणा भयो । त्यतिबेलाको अवस्था निकै त्रसित थियो । अन्य पेसा-व्यवसायमा जस्तै मिडियामा पनि व्यापक असर पर्‍यो । ‘लकडाउन’का कारण केही दैनिक तथा साप्ताहिक पत्रिकाहरूका ‘प्रिन्ट कपी’ बन्द भई अनलाइनमा सीमित भए । त्यतिबेला बन्द भएका दैनिक तथा साप्ताहिक पत्रिकाहरूमध्ये धेरैजसो पछि छापिए पनि द हिमालयन टाइम्स अङ्ग्रेजी दैनिकलगायतका केही अखबारहरू बन्द भए । कतिपय पत्रिका, रेडियो, टेलिभिजन अनलाइनबाट सञ्चारकर्मीको जागिर गयो । कति चाहिँ आंशिक तलबमा काम गर्न बाध्य भए । ‘लकडाउन’का बेला अधिकांश पत्रकारले घरबाटै काम गरेका थिए ।

नेपाल प्रेस इन्स्टिच्युट र संयुक्त अधिराज्यस्थित बनमोर्थ विश्वविद्यालयले २०७७ साल असार २६ देखि साउन ९ गतेसम्म गरेको राष्ट्रिय सर्वेक्षणमा सहभागी

पत्रकारमध्ये ७४ प्रतिशत पत्रकार कोभिड-१९ का कारण आर्थिक रूपमा प्रभावित भएको उल्लेख गरिएको छ। उक्त सर्वेक्षणमा ३८ प्रतिशतले आफूहरू पारिश्रमिक कटौतीमा परेको बताएका थिए । सातै प्रदेशलाई प्रतिनिधित्व गर्ने गरी एक हजार एक सय ३४ जना पत्रकारबीच गरिएको उक्त सर्वेक्षणमा ५३.२ प्रतिशत महिला पत्रकारले पेसामा जोखिम बढेको महसुस गरेको बताएका छन् । साथै ६ प्रतिशतले पूर्ण रोजगारी गुमाएका थिए भने ६० प्रतिशतले रोजगारीको निरन्तरतामा चिन्ता व्यक्त गरेका थिए ।

नेपाल पत्रकार महासङ्घको तथ्याङ्कअनुसार, कोभिड-१९ पछि करिब १० प्रतिशत पत्रकारले जागिर गुमाएका छन् । करिब नौ प्रतिशत पत्रकारको तलब कटौती भएको छ भने २० प्रतिशत पत्रकारले नियमित तलब पाएका छैनन् । यस्तै, २.५ प्रतिशत मिडिया हाउस बन्द भएका छन् ।

सन् २०२० को आखिरीसम्ममा सातजना नेपाली पत्रकारको कोभिड-१९ का कारण मृत्यु भएको छ भने पाँच सय १३ जना पत्रकार कोरोना भाइरसबाट सङ्क्रमित भएका छन्। सङ्क्रमित पत्रकारमध्ये चार सय ७० जना सङ्क्रमणमुक्त भएका छन् ।

पत्रकारिता क्षेत्र आर्थिक रूपमा त्यसै पनि कमजोर अवस्थाबाट गुज्रिरहेको थियो । त्यसमा पनि कोभिड-१९ का कारण सबै प्रकारका उद्योगधन्दा बन्द हुँदा विज्ञापनमा ठूलो असर पऱ्यो । जसका कारण मिडियामा कार्यरत पत्रकारले जागिर गुमाए । जतिले काम गरे उनीहरूले पनि समयमा तलब पाएनन् ।

## अध्याय ३

# कोभिड–१९ को असर : अध्ययन विधि र नतिजा

कोभिड-१९ का कारण समग्र पत्रकारमाथि परेका सबै असर महिला पत्रकारलाई परे । साथै महिला भएकै कारण केही थप चुनौतीबाट नेपाली महिला पत्रकार गुज्रनुपर्‍यो । मिडिया एड्भोकेसी ग्रुप (म्याग) र फ्रेडरिक इबर्ट स्टिफटुङ (एफइएस)ले कोभिड-१९ को महामारीमा महिला पत्रकारले के-कस्ता विषय उठान गरिरहेका छन् र उठान गर्नुपर्ने विषयहरू के-के हुन सक्छन् भनेर जुन ११, २०२० मा अनलाइन ओरिएन्टेसनको आयोजना गरेको थियो । मुलुकका सातवटै प्रदेशबाट प्रतिनिधित्व हुने गरी ४० जना महिला पत्रकारसँग गरिएको उक्त अन्तर्क्रियात्मक ओरिएन्टेसनमा कोभिड-१९ को बारेमा प्राविधिक जानकारीका लागि जनस्वास्थ्यविज्ञ चिकित्सक तथा मुद्दा छनोटका लागि सञ्चारविज्ञहरू स्रोतव्यक्तिका रूपमा रहेका थिए । यसैगरी जुलाई २, २०२० मा कोभिड-१९ को महामारीमा महिला पत्रकारको सुरक्षामा केन्द्रित भएर अन्तर्क्रियात्मक कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रमपछि कोभिड-१९ का कारण महिला पत्रकारलाई परेको असर र महिला पत्रकारले भोगिरहेका विविध समस्यालाई थप गहिराइमा पुगेर अध्ययन गर्नका लागि सात प्रदेशका महिलाको प्रतिनिधित्व हुने गरी यो अनुसन्धान गरिएको छ ।

### ३.१ उद्देश्य

कोभिड-१९ बाट नेपाली महिला पत्रकारमाथि व्यावसायिक तथा व्यक्तिगत जीवनमा परेको असरबारे जानकारी र विश्लेषण यो अनुसन्धानको मुख्य उद्देश्य रहेको छ ।

## ३.२ अध्ययन विधि र प्रक्रिया

'महिला पत्रकारमा कोभिड-१९ को असर' विषयक प्रस्तुत अध्ययनमा अनुसन्धान विधिका वैज्ञानिक मान्यता, मापदण्ड र प्रक्रियाहरूलाई प्रयोग गरिएको छ । यस अध्ययनमा तथ्य तथा जानकारी प्राप्त गर्न प्राथमिक स्रोत र द्वितीय वा अभिलेखीय स्रोत गरी दुई किसिमका स्रोतको उपयोग गरिएको छ ।

- प्राथमिक स्रोतमा अनलाइन सर्वेक्षण, लक्षित समूहगत छलफल र प्रमुख सूचनादातासँगको अन्तर्वार्ता (कि इन्फरम्यान्ट इन्टरभ्यु) गरिएको छ ।
- द्वितीय स्रोतमा महिला पत्रकारबारे यसअघि भएका अध्ययन, सञ्चारमाध्यममा आएका समाचार र अन्य प्रकाशनमा आएका निष्कर्षहरूलाई प्रयोग गरिएको छ । प्राथमिक स्रोतको व्याख्या र विश्लेषण गर्नका लागि द्वितीय स्रोतको जानकारी निकै सहयोगी रहेको छ ।

### क. अनलाइन सर्वेक्षण

कोभिड-१९ महामारीका कारण अनलाइन सूचना सङ्कलन गर्न गुगल फारम तयार गरी नेपालभरिका महिला पत्रकारलाई पठाइएको थियो । सर्वेक्षणका लागि अध्ययनको उद्देश्यअनुरूप निश्चित प्रश्नहरू राखेर अनुसन्धानकर्ताहरूद्वारा प्रश्नावली तयार परिएको थियो । प्रश्नावलीमा महिला पत्रकारको विवरणसहित कोभिड-१९ का कारण भएका मनोवैज्ञानिक र आर्थिक असर, अफिस र घरमा काम गर्ने वातावरण, महामारी र विपत्तिसम्बन्धी रिपोर्टिङको अनुभव, लैङ्गिक असमानता र हिंसासम्बन्धी अनुभव, संस्थाबाट सहयोग र सूचना प्राप्त गर्नेबारेमा प्रश्नहरू समेटिएको थियो । यो अनुसन्धानमा विभिन्न सञ्चारमाध्यममा सक्रिय सयजना महिला पत्रकारले भाग लिएका थिए । प्रश्नावली फारममा आएको जानकारी प्रशोधन गर्ने र अनुसन्धानको उद्देश्यअनुरूप उपलब्ध भएको जानकारीको आधारमा व्याख्या गर्ने कार्य गरिएको थियो । जसका आधारमा यो अनुसन्धानको नतिजा तयार गरिएको छ ।

अनुसन्धानका क्रममा सोधिएका प्रश्नहरू अनुसूचीमा उल्लेख गरिएको छ ।

### ख. लक्षित समूहगत छलफल (एफजिडी)

प्रश्नावली फारममा उल्लेख भएका प्रमुख कुरालाई सानो समूहमा छलफल गरी अझ वास्तविक तथ्याङ्क तथा जानकारी लिने कार्य गरिएको थियो । यसका लागि महिला पत्रकारसँग प्रत्यक्ष सामूहिक छलफल र जुम प्रविधिको माध्यमबाट छलफल गरिएको थियो । छलफलको प्रश्नावलीबारे अनुसूचीमा उल्लेख गरिएको छ ।

### ग. मुख्य सूचनादातासँग अन्तर्वार्ता

कोभिड-१९ को सङ्क्रमणमा परेका महिला पत्रकारसँग विशेष सूचनादाताका रूपमा अन्तर्वार्ता गरिएको थियो । सङ्क्रमित हुनुअघि, भएको बेला र पछि घरपरिवार र काममा परेको समस्या र अनुभवका विषयमा जानकारी सङ्कलन गरिएको थियो । यस अध्ययनमा स्वतन्त्र रूपमा कार्यरत सातजना पत्रकार महिलासँग अन्तर्वार्ता गरिएको थियो ।

## ३.३ ढाँचा

यो अनुसन्धान नेपालभर कार्यरत महिला पत्रकारको सम्बन्धमा भएकाले यसमा कुनै नमुनाको आधारमा व्याख्या-विश्लेषण गरिएको छैन ।

### क) पत्रकार महिला छनोट :

देशभर विभिन्न सञ्चारमाध्यममा पूर्णकालीन समय कार्यरत महिला पत्रकारलाई यस अनुसन्धानमा छनोट गरिएको थियो । पत्रकारितालाई मुख्य पेसा बनाएर काम गरिरहेका महिला पत्रकार मात्रै यो अनुसन्धानमा सहभागी थिए । सहभागीको छनोट उद्देश्यमूलक छनोट विधि (Purposive Sampling Method) बाट गरिएको छ ।

### ख) नेपाल पत्रकार महासङ्घ तथा सञ्चार संस्थाहरूसँग समन्वय :

विशेषतः महिला पत्रकारको अवस्थासँग प्रत्यक्ष सरोकार राख्ने निकाय र व्यक्तिसँग कुराकानी र भेटघाट गरी जानकारी तथा तथ्याङ्क सङ्कलन गरिएको थियो । यस अनुसन्धानको उद्देश्यअनुरूप आवश्यक जानकारी र तथ्याङ्कका लागि श्रमजीवी पत्रकारहरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घबाट पनि

सूचना तथा जानकारीहरू लिइएको छ । साथै देशभरिका छापा तथा विद्युतीय सञ्चारमाध्यमसँग समन्वय गरिएको थियो । उक्त जानकारी र तथ्याङ्कका आधारमा अनुसन्धानबाट प्राप्त नतिजाको व्याख्या गरेर यो अनुसन्धानको निष्कर्ष तयार गरिएको छ ।

## ३.४ अध्ययनका सीमा

कोभिड-१९ महामारीका बेला यसप्रकारको अध्ययन सम्पन्न गर्नु आफैँमा चुनौतीपूर्ण थियो । अध्ययनमा सहभागी कतिपय महिला पत्रकारलाई कोभिड-१९ लागेको थियो । सयजना सहभागी महिला पत्रकारमध्ये २० जना कोभिड-१९ बाट सङ्क्रमण भएको पाइएको थियो । लक्षित समूहगत छलफल भेटघाटबाटै गर्ने योजना थियो । काठमाडौंमा समूहगत छलफल गरे पनि जिल्लामा भने जुम प्रविधिबाट गरियो । मुख्य सूचनादातासँग अन्तर्वार्ता फोनबाट गरिएको थियो ।

समग्रमा यस अध्ययनका सीमाहरू निम्नलिखित छन् :

- सीमित साधन, स्रोत र समयका कारण सबै महिला पत्रकार माझ पुग्न सकिएन ।
- पूर्णकालीन तथा केही आंशिक रूपमा कार्यरतमध्ये मुलुकभरिका दुई सयजना महिला पत्रकारलाई गुगल फारम पठाए पनि सयजनाको मात्र पूर्ण विवरण प्राप्त भएको थियो ।
- कतिपय महिला पत्रकार कोभिड महामारीका विभिन्न समस्याबाट गुज्रिरहेको हुँदा सबै महिला पत्रकारलाई यस अनुसन्धानमा सहभागी गराउन सकिएन । तसर्थ यस अध्ययनबाट आएको निष्कर्षलाई समग्र महिला पत्रकारको अनुभवको प्रतिनिधिको रूपमा मात्र लिनुपर्ने हुन्छ ।
- यस अध्ययनमा चाहिने सूचना तथा जानकारी औपचारिक र लिखित रूपमा सहजै उपलब्ध नहुँदा कतिपय जानकारी टेलिफोनमार्फत सङ्कलन गरिएको छ ।
- कोभिड-१९ को महामारीका कारण सीमित सङ्ख्याका महिला पत्रकारसँग मात्र प्रत्यक्ष कुराकानी गर्न सकियो । समूहगत छलफल र अन्तर्क्रियाहरू प्रविधिको माध्यमबाट गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन

म्यागले अध्ययनमा संलग्न महिला पत्रकारलाई कोभिड-१९ बाट परेको असरबारे तथ्याङ्क सङ्कलन गर्न गुगल सर्वेक्षण फारम तयार गरेर दुई सयजना महिला पत्रकार लाई इमेल र फेसबुकमार्फत सो सर्वेक्षण फारम पठाएको थियो । जसमध्ये सयजना महिला पत्रकार मात्र यस सर्वेक्षणमा सहभागी भएका थिए । यो अनुसन्धान अक्टोबर १, २०२० देखि नोभेम्बर ३०, २०२० (२०७७ असोज १५ देखि मङ्सिर १५ सम्म) गरिएको थियो ।


## ३.५.१ महिला पत्रकारको वस्तुस्थिति

यस खण्डमा महिला पत्रकारको प्रादेशिक प्रतिनिधित्व, उमेर समूह, उनीहरू कार्यरत सञ्चारमाध्यम, जातीय प्रतिनिधित्व, वैवाहिक र शैक्षिक अवस्था, कार्यरत सञ्चारगृह, कामको विवरण, काम गरेको अनुभव, बिट रिपोर्टिङबारे प्राप्त तथ्याङ्कलाई विश्लेषण गरिएको छ ।

### १. **सर्वेक्षणमा सहभागी महिला पत्रकारको प्रादेशिक प्रतिनिधित्व**

कुल सयजना सहभागीबाट सर्वेक्षणमा सबैभन्दा बढी ४३ जना सहभागी बागमती प्रदेशबाट थियो भने सबैभन्दा कम चारजना मात्र सहभागी प्रदेश १ बाट थिए । यस्तै, गण्डकी प्रदेशबाट १४ जना, कर्णाली प्रदेशबाट १० जना, लुम्बिनी प्रदेशबाट सातजना, सुदूरपश्चिम प्रदेशबाट नौजना र प्रदेश २ बाट आठजना महिला पत्रकारले सर्वेक्षणमा भाग लिएका थिए ।


**चित्र १ : सर्वेक्षणमा सहभागी महिला पत्रकारको प्रादेशिक प्रतिनिधित्व**



### २. उमेर समूह

यस अध्ययनमा २५-३४ वर्षसम्मका महिला पत्रकारको सहभागिता सबैभन्दा बढी ६१ प्रतिशत देखिएको छ । त्यस्तै ३५-४४ वर्षका सहभागी महिला पत्रकारको सङ्ख्या १७ प्रतिशत, १८-२४ वर्षका महिला पत्रकारको सहभागिता १३ प्रतिशत रहेको थियो भने ४४-५४ वर्षसम्मका महिला पत्रकार आठ प्रतिशत रहेका छन् । ५५ वर्षमाथि एक प्रतिशत सहभागिता थियो ।


**चित्र २ : सर्वेक्षणमा सहभागी महिला पत्रकारको उमेर समूह**




### ३. जातीय प्रतिनिधित्व

यस अध्ययनमा सहभागी महिला पत्रकार ब्राह्मण र क्षत्री समुदायबाट ७८ प्रतिशत छन् । यस्तै, आदिवासी-जनजाति सात प्रतिशत र नेवार समुदायबाट पाँच प्रतिशत प्रतिनिधित्व रहेको छ । दलित समुदायका चार प्रतिशत, तराई-मधेसबाट तीन प्रतिशत र मुस्लिम समुदायका एक र बाँकी दुई प्रतिशत अन्य समुदायका छन् ।


**चित्र ३ : महिला पत्रकारको प्रादेशिक प्रतिनिधित्व**




## ४. शैक्षिक योग्यता

यस अध्ययनमा सहभागी अधिकांश महिला पत्रकारले स्नातकोत्तर उत्तीर्ण गरेका छन् । त्यसैगरी ३७ प्रतिशत महिला पत्रकारले स्नातक र १३ प्रतिशत महिला पत्रकारले १२ कक्षा उत्तीर्ण गरेका छन् । एक प्रतिशत मात्र एसइई र एसएलसी पास गरेका महिला पत्रकार छन् ।


**चित्र ४ : महिला पत्रकारको शैक्षिक अवस्था**



## ५. वैवाहिक अवस्था

यस अध्ययनमा सहभागी महिला पत्रकारमध्ये ५७ प्रतिशत विवाहित, ३९ प्रतिशत अविवाहित, तीन प्रतिशतको सम्बन्धविच्छेद भएको र एक प्रतिशतले भन्न नचाहेका छन् ।


**चित्र ५ : महिला पत्रकारको वैवाहिक अवस्था**




## ६. कार्यरत सञ्चारमाध्यम

यस अध्ययनमा सहभागी महिला पत्रकारमध्ये २९ प्रतिशत रेडियोमा, २५ प्रतिशत छापामा, २० प्रतिशत टेलिभिजनमा, १४ प्रतिशत अनलाइनमा र ६ प्रतिशत समाचार एजेन्सीमा कार्यरत छन् । यस्तै, तीन प्रतिशत सहभागी रेडियो

**चित्र ६ : महिला पत्रकार कार्यरत सञ्चारमाध्यम**




र टेलिभिजन दुवैमा आबद्ध भएका छन् भने बाँकी तीन प्रतिशत सहभागी अन्य सञ्चारमाध्यममा कार्यरत छन् ।

### ७. कार्यरत सञ्चारमाध्यमको स्वामित्व

यस अध्ययनमा सहभागी महिला पत्रकारमध्ये ६२ प्रतिशत निजी मिडियामा कार्यरत छन् भने १८ प्रतिशत सरकारी र सामुदायिक सञ्चारमाध्यममा कार्यरत छन् । यस्तै, एक प्रतिशत सहभागी गैरसरकारी संस्थाद्वारा सञ्चालित मिडियासँग आबद्ध छन् भने बाँकी एक प्रतिशत विगतमा मिडियामा काम गरे पनि हाल कुनै पनि मिडियामा आबद्ध छैनन् ।


**चित्र ७ : महिला पत्रकार कार्यरत मिडियाको स्वामित्व**




### ८. कामको विवरण

यस अध्ययनमा सहभागी महिला पत्रकारमध्ये ७६ प्रतिशत निजी मिडियामा पूर्णकालीन कार्यरत छन् भने १४ प्रतिशत महिला पत्रकार आंशिक रूपमा कार्यरत छन् । यसैगरी, नौ प्रतिशत सहभागी स्वतन्त्र पत्रकार छन् भने एक प्रतिशत स्तम्भकार रहेका छन् ।


**चित्र ८ : महिला पत्रकारको कामको विवरण**




## ९. कार्यरत पद

यस अध्ययनमा सहभागी महिला पत्रकारमा अधिकांश रिपोर्टर छन् । सहभागीमध्ये ४७ प्रतिशत रिपोर्टर, १६ प्रतिशत टेलिभिजनमा समाचार प्रस्तोता, १३ प्रतिशत मुख्य सम्पादक एवम् सम्पादक, ११ प्रतिशत समाचार सम्पादक र चार प्रतिशत स्वतन्त्र पत्रकार छन् । यस्तै, प्रकाशक तथा व्यवस्थापकका रूपमा चार प्रतिशत छन् भने दुई प्रतिशत फोटो पत्रकार र बाँकी तीन प्रतिशत अन्य पदमा कार्यरत छन् ।


**चित्र ९ : महिला पत्रकारको कार्यरत पद**



## १०. काम गरेको अनुभव

यस अध्ययनमा सहभागी महिला पत्रकारमध्ये ३१ प्रतिशतको ६ देखि १० वर्ष काम गरेको अनुभव छ भने २५ प्रतिशतको एकदेखि पाँच वर्षसम्म र १९ प्रतिशतको ११ देखि १५ वर्षसम्म काम गरेको अनुभव छ। यस्तै, १७ प्रतिशतको १६ देखि २० वर्षको अनुभव छ भने आठ प्रतिशतको २१ वर्षमाथि काम अनुभव रहेको छ।


चित्र १० : महिला पत्रकार सहभागीको काम गरेको अनुभव




## ११. बिट रिपोर्टिङ

यस अध्ययनमा सहभागी महिला पत्रकारमा अधिकांशले सबै बिटको रिपोर्टिङ गर्ने गरेका छन्। सहभागीमध्ये ४२ प्रतिशतले सबैमा, २२ प्रतिशतले महिला बिटमा र १५ प्रतिशतले राजनीतिक बिटमा रिपोर्टिङ गरिरहेका छन्। यस्तै, बाँकी सहभागी महिला पत्रकारले क्रमशः शिक्षा (५%), स्वास्थ्य (३%), मनोरञ्जन (३%), आर्थिक (१%), खेलकुद (१%) र अन्य (८%) बिटमा रिपोर्टिङ गर्ने गरेका छन्।


चित्र ११ : महिला पत्रकार सहभागीको बिट




### ३.५.२ मनोवैज्ञानिक असर

कोभिड-१९ महामारीको बेला जनमानसमा गहिरो मनोवैज्ञानिक असर परेको देखिन्छ । तसर्थ यस अध्ययनमा कोभिड-१९ का कारण महिला पत्रकारमाथि कस्तोखालको मनोवैज्ञानिक असर परेको छ र त्यसकारणले गर्दा उनीहरूको काम र व्यक्तिगत जीवनमा परेको असरलाई विश्लेषण गरिएको छ। कोभिड-१९ का कारण के-कस्तो मनोवैज्ञानिक असर भोग्नुपरेको छ भन्ने कुरालाई यस अध्ययनमा समेटिएको छ ।

चित्र १२ : कोभिड-१९ का कारण मनोवैज्ञानिक असर




यस सर्वेक्षणमा भाग लिएका महिला पत्रकारमध्ये ५७ प्रतिशतले आफूलाई मनोवैज्ञानिक असर परेको बताएका छन् । १३ प्रतिशतले कुनै मनोवैज्ञानिक असर नपरेको बताएका छन् । २६ प्रतिशतले मनोवैज्ञानिक असर हुन सक्ने र चार प्रतिशतले थाहा नभएको बताएका छन् ।

यस अध्ययनमा भाग लिएका सहभागीले भोगेका मनोवैज्ञानिक असरहरू निम्न छन् :

असुरक्षित महसुस गर्ने (३३%), समाचार देखेर दिक्क लाग्ने (२९%), मन खिन्न हुने (२०%), मन आत्तिने (१८%), डर चिन्ता लाग्ने (१५%) र निद्रा नलाग्ने (९%) ।

**चित्र १३ : सहभागीहरूमा देखिएको मनोवैज्ञानिक असर**




## मनोवैज्ञानिक असरको मुख्य कारण


कोभिड-१९ को महामारीपछि महिला पत्रकारमाथि परेको मनोवैज्ञानिक असरको मुख्य कारण आफ्नै सुरक्षा रहेको छ । मलाई कोभिड भयो भने के गर्ने ? म घरबाहिर रिपोर्टिङमा जाँदा सङ्क्रमण भएर परिवारका सदस्यलाई सर्ने हो कि भन्ने देखिएको छ । ३९ प्रतिशत सहभागीले आफ्नो सुरक्षाको चिन्ता गरेका छन् । यस्तै, दोस्रो कारण जागिरको सुरक्षा र आर्थिक पक्षसँग सम्बन्धित छ । यस्तो बेलामा मेरो जागिर के होला ? मिडिया हाउसले निकालिदिने हो कि

भनेर धेरै महिला पत्रकारले आफूलाई तनाव भएको बताएका छन् । जागिर गयो या समयमा तलब पाइएन भने घर-परिवारको खर्च कसरी धान्ने भन्ने कुराले उनीहरूलाई ठूलो मनोवैज्ञानिक असर परेको छ । त्यसो त, यो आर्थिक असर पनि हो, तर यसले अब के गर्ने होला ? भनेर मानसिक तनाव उत्पन्न गराएको देखिएको छ । २४ प्रतिशत सहभागीमा यसप्रकारको असर परेको देखिएको छ । यसैगरी १० प्रतिशत सहभागीले बिनातलब काम गर्नुपर्दा आफ्नो परिश्रमको मूल्य नपाएकोमा दुःखी भएको बताएका छन् । १० प्रतिशतले काम गर्न परिवारको सहयोग नपाएकोले मानसिक तनाव भएको बताएका छन् । यीमध्ये १० प्रतिशतले जागिर गुमाए भने ६ प्रतिशतलाई कोभिड-१९ का कारण क्वारेन्टाइनमा बस्दा म मरेँ भने बच्चाहरू के गर्लान् भनी मनोवैज्ञानिक असर परेको थियो ।

### ३.५.३. कोभिड–१९ का कारणले आर्थिक असर

कोभिड-१९ महामारीका कारण अधिकांश सहभागी महिला पत्रकारलाई आर्थिक असर परेको देखिन्छ । यस अध्ययनमा सहभागी ६३ प्रतिशत महिला पत्रकारले आर्थिक असर परेको बताएका छन् । यसैगरी २३ प्रतिशत महिला पत्रकारले तलब र काम दुवै घटेको अवस्था नरहेको बताए भने १४ प्रतिशत महिला सहभागी भने अन्योलमा देखिन्छन् ।


**चित्र १४ : सहभागीहरूले भोगेका आर्थिक समस्या का कारण**



६७ प्रतिशत सहभागी महिला पत्रकारले महामारीको बेला तलब समयमा नपाउँदा आर्थिक समस्या भोग्नुपरेको कुरा यस अध्ययनले देखाएको छ । २३ प्रतिशतको तलब र काम दुवै घटेको, १९ प्रतिशतले तलब ढिला पाएको, ११ प्रतिशतले तलब नपाएको र अरू १९ प्रतिशतको तलब घटेको, तर काम बढेको देखिन्छ । ३२ प्रतिशत सहभागीको सञ्चारगृहबाट कुनै समस्या नरहेको देखिन्छ भने तीन प्रतिशत सहभागी महिला पत्रकारलाई आर्थिक समस्याका कारण कार्यालय सञ्चालन गर्न गाह्रो परेको देखिन्छ ।

यस सर्वेक्षणमा सहभागीमध्ये ७८ प्रतिशत महिला पत्रकारले परिवारलाई आर्थिक रूपमा सहयोग गर्नुपर्ने र १४ प्रतिशत महिला पत्रकारले परिवारलाई कहिलेकाहीँ मात्र आर्थिक रूपमा सहयोग गर्ने देखिएको छ । यसमध्ये आठ प्रतिशत महिला पत्रकारले मात्र परिवारलाई आर्थिक सहयोग गर्न नपर्ने देखिन्छ । यस अध्ययनबाट के प्रस्ट हुन्छ भने महिला पत्रकारले घर चलाउन आर्थिक योगदान गर्नुपरेकोले महामारीको बेला मानसिक डर र त्राससँगै आर्थिक समस्याका कारण घर-व्यवहार चलाउन गाह्रो भएको देखिन्छ ।


**चित्र १५ : आफ्नो परिवारलाई आर्थिक रूपमा सहयोग**




### ३.५.४. घरबाट काम र काम गर्ने वातावरण


लकडाउनको बेला ४० प्रतिशत सहभागी महिला पत्रकारले अफिसमै गएर काम गरेको बताए भने ३६ प्रतिशतले घरबाट काम गरेको बताए । १८ प्रतिशत सहभागीका लागि अफिस समय आफूअनुकूल थियो भने ६ प्रतिशत सहभागी महिला पत्रकारले लकडाउनको बेला काम नै गरेनन् ।

**चित्र १६ : लकडाउनको बेला काम**




५१ प्रतिशत सहभागीका मिडिया संस्थाहरूले घरबाट काम गर्न मिल्ने व्यवस्था मिलाएको थियो भने ४७ प्रतिशत सहभागीलाई घरबाट काम गर्न मिल्ने व्यवस्था थिएन । दुई प्रतिशत सहभागीले यसबारे थाहा नभएको बताए ।


**चित्र १७ : सहभागीलाई घरबाट काम गर्न मिल्ने व्यवस्था**




घरबाट काम गर्ने व्यवस्था नहुँदा अफिसमा गएर काम गर्नुपर्ने बाध्यता धेरै महिला पत्रकारको देखिन्छ ।

घरबाट काम गरेका सहभागीमध्ये २६ प्रतिशतलाई मात्र घरबाट काम गर्न सहज भएको छ भने ५५ प्रतिशत महिला पत्रकार सहभागीलाई घरायसी काम र अफिसको काम सँगै गर्नुपर्दा असहज भएको छ । यस्तै, १९ प्रतिशत महिला पत्रकारले सहभागीका घरमा काम गर्न चाहिने उपकरणहरू (जस्तै : ल्यापटप, software, इन्टरनेट) नहुँदा असहज भएको बताए । कतिपय सहभागीले सूचना सङ्कलन गर्ने काम घरबाट गर्न सम्भव नभएर अफिसमा नै गएर काम गरेको बताएका छन् । प्रभावकारी लेखन र भिडियोका लागि स्थलगत अध्ययन एकदमै जरुरी भएकाले कतिपय पत्रकारलाई घरबाट काम गर्न असम्भव भएको थियो ।


**चित्र १८ : सहभागीलाई घरबाट काम गर्दा भएको अनुभव**




## लकडाउनको बेला काम गर्न वा अफिस जान गाडीको व्यवस्था

७८ प्रतिशत सहभागीका मिडिया हाउसले लकडाउनको बेला काम गर्न वा अफिस जान गाडीको व्यवस्था गरेका थिएनन् । १२ प्रतिशत सहभागी कार्यरत मिडिया हाउसले गाडीको व्यवस्था गरेका थिए भने कुनै संस्थामा कहिलेकाहीँ मात्र र कुनै संस्थामा नजिकै जानका लागि मात्र गाडीको व्यवस्था थियो । कति संस्थामा लकडाउनमा कार्यालयमा नै राख्ने व्यवस्था गरिएको थियो भने ६ प्रतिशत सहभागीले आफ्नै सवारीसाधनको प्रयोग गर्ने हुँदा संस्थाको गाडी व्यवस्थाबारे ज्ञान नरहेको बताए ।


**चित्र १९ : लकडाउनको बेला काम गर्न वा अफिस जान गाडीको व्यवस्था**




लकडाउनका बेला काममा जाने ५० प्रतिशत सहभागी आफ्नै गाडी र स्कुटर चढेर गएका थिए । १६ प्रतिशत परिवारको सहयोगबाट अफिस गएका थिए ।


११ प्रतिशत हिँडेर र थप ११ प्रतिशत सहकर्मीसँग सहयोग लिएर अफिस पुगेका थिए । थोरै सहभागीलाई मात्र अफिसको गाडीको व्यवस्था थियो ।

**चित्र २० : लकडाउनका बेला सहभागीहरू अफिस जाने मध्यम**




९९ प्रतिशत सहभागीले कोभिड-१९ महामारी र लकडाउनको बेला मिडियाकर्मी र पत्रकारलाई काम गर्न एकदम चुनौतीपूर्ण रहेको बताएका थिए ।

**चित्र २१ : कोभिड-१९ महामारी र लकडाउनको बेला मिडियाकर्मी र पत्रकारलाई काम गर्न चुनौतीपूर्ण**





### ३.५.५ प्राकृतिक प्रकोप र विपत्तिसम्बन्धी रेपोर्टिङ अनुभव

कोभिड-१९ महामारीमा अधिकांश महिला पत्रकारले विपत्मा केन्द्रित भएर रेपोर्टिङ गरेको देखिन्छ । ६३ प्रतिशतले प्राकृतिक प्रकोप र विपत्तिसम्बन्धी रेपोर्टिङ गरेको, २० प्रतिशतले अलिअलि गरेको र १७ प्रतिशतले नगरेको देखियो ।

### ३.५.६ सुरक्षाको अनुभूति


कोभिड महामारीको रिपोर्टिङ गर्नुअघि २२ प्रतिशत सहभागीले मात्र महामारी सुरक्षासम्बन्धी तालिम लिएको बताए । ७८ प्रतिशतले कुनै पनि तालिम नलिएको बताएका छन् ।

**चित्र २२: महामारी सुरक्षासम्बन्धी तालिम**




४१ प्रतिशत महिला पत्रकारले फिल्ड रिपोर्टिङ गर्न जाँदा मिडिया हाउसबाट महामारी सुरक्षाका लागि आवश्यक सामग्रीहरू (मास्क, पन्जा, हेन्ड स्यानिटाइजर) प्राप्त नभएको कुरा बताएका छन् । ३१ प्रतिशतले मास्क, स्यानिटाइजर र पन्जा प्राप्त गरेको बताए । फिल्ड रिपोर्टिङ गर्न जाँदा स्थलगत भ्रमण गर्दा र अन्तर्वार्ता लिँदा भौतिक दूरी कायम गर्ने र स्वास्थ्य मन्त्रालय र WHO ले प्रकाशित गरेको सुरक्षा नीति अपनाएको कुरा बताएका छन् ।

**चित्र २३ : फिल्ड रिपोर्टिङ गर्न जाँदा संस्थाबाट प्राप्त महामारी सुरक्षाका आवश्यक सामग्रीहरु**





### ३.५.७ पुरुष र महिला पत्रकारबीच लैङ्गिक विभेद

५८ प्रतिशत सहभागीलाई लकडाउनले गर्दा पुरुष र महिला पत्रकारबीच लैङ्गिक असमानता वा विभेद बढेको लागेको छ भने १७ प्रतिशत


सहभागीलाई त्यस्तो लागेको छैन । २५ प्रतिशत सहभागीले यसबारे थाहा नभएको बताए ।

चित्र २४ : लकडाउनले गर्दा पुरुष र महिला पत्रकारबीच लैङ्गिक असमानता वा विभेद बढेको अनुभव




२३ प्रतिशत महिला पत्रकार सहभागीले मिडिया क्षेत्रमा लैङ्गिक असमानता वा भेदभाव महसुस गरेका छन् भने २७ प्रतिशतले कहिलेकाहीँ अनुभव गरेका छन् । त्यस्तै, ४२ प्रतिशत सहभागीलाई मिडिया क्षेत्रमा लैङ्गिक असमानता वा भेदभाव महसुस भएको छैन । आठ प्रतिशत महिला पत्रकारले यो विषयमा बताउन चाहेनन् ।


चित्र २५ : लकडाउनले गर्दा आफू स्वयम्ले लैङ्गिक असमानता वा विभेद महसुस गरेका




मिडिया क्षेत्रमा लैङ्गिक असमानता वा भेदभाव महसुस गरेका ५० प्रतिशत महिला पत्रकार सहभागीमध्ये २३ प्रतिशतले महामारी र लकडाउनको बेला समाचार सङ्कलन गर्न पुरुष सहकर्मीलाई पठाउने गरेको बताएका छन् । सात प्रतिशतले कोभिड-१९ महामारीबारे समाचार सम्प्रेषण गर्न चाहे पनि समाचार बिटको बाँडफाँड गर्ने आधिकारिक व्यक्तिले वास्ता नगरेको बताए । दुई प्रतिशतले तपाईंको गाडी छैन वा घर छिटो जानुहोस् भनेर कोभिड-१९ का समाचार


छलफल गर्दा र लेख्ने बेला आफूलाई संलग्न नगराउने गरेको बताए भने तीन प्रतिशतले स्वास्थ्य बिटमा काम गरे पनि सम्पादकले पुरुष सहकर्मीलाई मात्र काममा प्रोत्साहन गर्ने गरेको बताएका छन् । बाँकी १५ प्रतिशतले यो विषयमा जवाफ दिन चाहेनन् ।

**चित्र २६ : लैङ्गिक असमानता वा भेदभाव महसुस गरेकोबारे**




यसमध्ये ४८ प्रतिशतले आफ्ना समस्या सम्पादकसमक्ष राखेको बताए भने ५२ प्रतिशतले नराखेको बताए ।


**चित्र २७ : आफ्ना समस्याहरू व्यवस्थापक समितिसामु राखेको**




### ३.५.८ लैङ्गिक हिंसाका अनुभव

यस सर्वेक्षणमा सहभागी १० प्रतिशत महिला पत्रकारले मात्र महामारीको बेला कार्यक्षेत्रमा कुनै र कुनै प्रकारको हिंसा भोगेको देखिन्छ । ९० प्रतिशत महिला पत्रकारले महामारीको बेला कार्यक्षेत्रमा कुनै प्रकारको हिंसा नभोगेको बताएका छन् ।


**चित्र २८ : महामारीको बेला कार्यक्षेत्रमा हिंसा भोगेको अनुभव**




आफूमाथि कार्यक्षेत्रमा भएको हिंसाबारे आधाले (५०) प्रतिशतले मात्र उजुरी गरेको बताएका छन् । उजुरी किन गर्नुभएन भने भन्ने प्रश्नमा चार प्रतिशतले संस्थामा उजुरी लिने व्यवस्थापकीय नीति नभएको बताएका थिए भने १ प्रतिशतले उजुरी गरे जागिर गुम्ने डर भएको बताएका थिए । दुई प्रतिशतले व्यवस्थापक समितिप्रति कुनै विश्वास नभएको बताए भने बाँकी सहभागीले उजुरी गर्नुपर्छ जस्तो नलागेको र हिंसा नभएकाले गर्दा उजुरी नगरेको बताए ।

महामारीका बेला महिलाले कार्यक्षेत्र र घरभित्र हिंसा भोगेको कुरा अध्ययनबाट देखिएको छ । आफ्नै घरभित्र पनि कुनै प्रकारको हिंसा (मानसिक, शारीरिक वा यौनिक हिंसा) भोग्नुभएको छ कि भनेर गरिएको प्रश्नमा १२ प्रतिशत सहभागी महिला पत्रकारले घरेलु हिंसा भोग्नुपरेको बताएका थिए ।

**चित्र २९ : महामारीको बेला घरेलु हिंसा भोगेको अनुभव**





१२ प्रतिशतले आफूमाथि भएको घरेलु हिंसाबारे कुनै संस्था वा प्रहरीसामु उजुरी गरेको बताए ।

### ३.५.९ मिडिया हाउसबाट सहयोग


३१ प्रतिशत सहभागी महिला पत्रकारले मात्र आफ्नो संस्थाबाट कोभिड-१९ लकडाउनको समयमा सहयोग प्राप्त गरेका छन् । ६९ प्रतिशत सहभागी महिला पत्रकारले भने आफ्नो संस्थाबाट कुनै पनि सहयोग प्राप्त नगरेको बताए ।

चित्र ३० : कार्यरत संस्थाबाट सहयोग प्राप्त





यसरी सहयोग प्राप्त गरेका सहभागीमध्ये ३३ प्रतिशतले आफ्नो संस्थाले मिडियासँग सम्बन्धित सङ्घसंस्थाहरूसँग सहयोगका लागि समन्वय गरिदिएको बताएका छन् । यसैगरी ३३ प्रतिशतले आर्थिक सहयोग गरेको, २७ प्रतिशतले मानसिक तनाव कम गर्नका लागि अनलाइन तालिमको व्यवस्था गरेको र ७ प्रतिशतले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ संस्थाहरूसँग सहयोगका लागि समन्वय गरेको कुरा उल्लेख गरेका छन् ।

चित्र ३१ : संस्थागत सहयोगका प्रकार




६१ प्रतिशत सहभागीको संस्थाले स्वास्थ्य बिमा गरेको बताएका छन् भने ३३ प्रतिशत सहभागीले स्वास्थ्य बिमा नगरेको बताएका छन् । ६ प्रतिशतले यस विषयमा जानकारी नभएको बताएका थिए ।


चित्र ३२ : कार्यरत संस्थाले स्वास्थ्य बिमा गरेको




### ३.५.१० सूचनाको हक र सूचना प्राप्ति

९९ प्रतिशत सहभागी महिला पत्रकारले सूचनाको हकबारे आफूहरूलाई थाहा भएको बताए भने एक प्रतिशत सहभागीले थाहा नपाएको बताए । ४५ प्रतिशत सहभागीलाई कोभिड-१९ महामारीको बेलामा सूचना सङ्कलन गर्न कठिन भएको थियो । ४९ प्रतिशत सहभागीलाई ठिकठिकै भएको थियो भने ६ प्रतिशत सहभागीलाई मात्र सहज महसुस भएको थियो ।

चित्र ३३ : कोभिड-१९ महामारीको बेलामा सूचना सङ्कलन




सूचना माग्दा सम्बन्धित अधिकारीहरूले फोन नउठाउने, यतिका मानिस महामारीबाट प्रभावित भइरहेका छन्, महामारीको समाचार लेख्नुस् न भन्ने, अहिले यो महत्वपूर्ण विषय नै होइन भन्ने र यस्तो महामारीमा पनि के यस्तो सूचना मागिरहनुभएको भन्ने जवाफ दिएको सहभागीले बताएका छन् ।

### ३.५.११ लैङ्गिक असमानता र विभेद हुन नदिन सुझाव

सहभागीहरूबाट मिडियामा लैङ्गिक विभेद हुन नदिनका लागि के गर्नुपर्ला ? भन्ने प्रश्न गरी सुझाब मागिएको थियो । उक्त प्रश्नको आधारमा आएका सुझावहरू यसप्रकार छन् ।

महिला, पुरुष वा अन्य पत्रकारबीच हुने लैङ्गिक असमानता र विभेद हुन नदिन महामारी र महामारीपछिको समयमा सञ्चारगृहका व्यवस्थापकीय जिम्मेवारीमा रहेका व्यक्तित्वहरू संवेदनशील नभएसम्म खासै परिवर्तन ल्याउन सकिँदैन । मिडिया क्षेत्रमा हुने असमानता हटाउनका लागि सम्बन्धित निकाय र राज्यले महिला, पुरुष वा अन्य पत्रकारबीच हुने लैङ्गिक असमानता र विभेद हुन नदिन नीति नै बनाएर लागू गर्न आवश्यक छ ।

महिला भएकै कारणले भोग्नुपर्ने असमानता हटाउन नीतिगत व्यवस्था गरिनुपर्छ। मिडिया हाउसका सम्पादकदेखि व्यवस्थापनसम्मका पदहरूमा महिलाको प्रतिनिधित्व हुनुपर्छ । अन्य क्षेत्रमा जस्तै मिडियामा पनि लैङ्गिक नीति बनाई त्यसको कार्यान्वयन जरुरी छ । समान काममा समान पारिश्रमिकको व्यवस्था हुनुपर्छ । मिडियामा महिलामैत्री नीति वा लैङ्गिक समानताको विषयमा खासै छलफल-बहस भएको पाइँदैन । यस विषयमा सरोकारवालाहरूसँग छलफल गरी मिडियामालिकहरू वा व्यवस्थापन पक्षलाई नीति बनाई कार्यान्वयनमा ल्याउन र भैपरी आउने महामारीको समयका लागि मिडिया हाउसले विपत् व्यवस्थापन कोष बनाउनुपर्ने देखिन्छ ।

*अहिलेको अवस्था हेर्दा फिल्डमा खटिने र मुख्य बिटको रिपोर्टरका रूपमा आफ्नो पहिचान स्थापित गर्नेमा धेरैजसो पुरुष नै छन् । महिलालाई जिम्मेवारी दिएमा उनीहरूले पनि मुख्य बिटमा आफूलाई स्थापित गर्न सक्छन् । यहाँ क्षमता नभएरभन्दा पनि अवसर नपाएका कारण महिला पत्रकार पछाडि परेका छन् ।*

अनुसन्धानमा सहभागी महिला पत्रकारको भनाइ

*मिडिया दर्ता प्रक्रियामै महिलाको निश्चित सहभागिता उल्लेख हुनु आवश्यक छ । यसका लागि नीति नै बन्नुपर्छ ।*

अनुसन्धानमा सहभागी महिला पत्रकारको भनाइ

*महिला, पुरुष र अन्य पत्रकारबीच लैङ्गिक असमानता र विभेद हुन नदिन सबैभन्दा पहिला मिडिया हाउसको नेतृत्व तहमा महिला र पुरुषको समान सहभागिता हुनुपर्छ । महिला भएकै कारण उनीहरूमाथि हिंसा हुने जोखिम भएकोले सुरक्षाका लागि रातको समयमा गाडीको व्यवस्था गरिनुपर्छ । प्रत्येक मिडिया हाउसमा गुनासो पेटिका राख्ने र त्यसको सुनुवाइ गर्ने व्यवस्था हुनुपर्छ । स्वास्थ्य बिमा तथा आपतकालीन अवस्थाका लागि मिडिया हाउसहरूले आर्थिक कोषको व्यवस्था गर्ने र त्यसबाट पारिश्रमिक दिई कसैलाई पनि कामबाट ननिकाल्ने व्यवस्था गर्नुपर्छ ।*

अनुसन्धानमा सहभागी महिला पत्रकारको भनाइ

# “कोभिडको समयमा अवसर र चुनौती दुवै थपियो”



**– कल्पना आचार्य**
**अध्यक्ष, स्वास्थ्य पत्रकार मञ्च नेपाल**

मैले स्वास्थ्यलाई नै मुख्य विधा बनाएर काम गरेको १२ वर्ष भन्दा बढी भइसकेको छ। विगतमा स्वास्थ्यसम्बन्धी रिपोर्ट बनाउँदा वा समाचार, फिचर लेख्दा बिषयगत कुरामा खोजी गरी स्वास्थ्यका सम्बन्धित विशेषज्ञहरुको भनाई राखेर सामग्री तयार हुन्थ्यो। हुन त यो विषय आफैमा संवेदनशिल र प्राविधिक छ। त्यसैले पनि जोकोहीले सजिलै यसको रिपोर्टिङ गर्न गाह्रो हुन्छ। त्यसमाथि एकाएक रुपमा विश्वलाई नै त्रसित बनाएको कोभिड १९ ले स्वास्थ्य पत्रकारलाई पनि थप चुनौति थप्यो।

पहिलो कुरा त शुरु शुरुमा जनमानसमा यति धेरै त्रास थियो की घर परिवारमा ज्यान ठूलो हो, जागिर छोड भनेर करकर गर्न थाले। आफूले गरिरहेको काम र जागिर छोड्न त्यति सजिलो कहाँ छ र ? यो त परिवारको कुरा भयो।

उता कोरोना संक्रमण बढ्दै जाँदा अब राजधानीको मात्र रिपोर्टिङ्ग गरेर भएन, प्रदेश र स्थानीय तहबाट पनि तथ्याङ्क सहितका सूचनाहरु लिनु पर्ने भयो। अब एकाएक ती स्रोतसँग पहुँच बनाउन निकै कसरत गर्नु पर्‍यो।

यसैबीच कोरोना परीक्षण, रोकथाम र उपचारका लागि ल्याइने सामग्रीमा भ्रष्ट्राचारको कुरा उठ्यो। आर्थिक मुद्दादेखि अख्तियार सम्ममा जानकारी राख्नु पर्ने भयो स्वास्थ्य पत्रकारले। सर्बसाधारणदेखि नीति निर्मातासम्म, अस्पताल, डाक्टर देखि गाउँपालिकाले निर्माण गरेका क्वारेन्टाइनसम्म सबै अपडेट गर्नुपर्ने जिम्मेवारी थपियो।

एकातिर ब्यवसायिक कामको बोझ झनझन थपिनु त्यसमाथि सरकारले गरेको लकडाउनका कारण बच्चाहरुको छुट्टी। स्वास्थ्य विट हेर्ने म

र मजस्ता थुप्रै साथीहरुलाई यो बेला घर र अफिसको कामको बोझ एकैपटक उठाउनुपर्ने भयो। स्मरण रहोस स्वास्थ्य विटमा काम गर्ने ८० प्रतिशत महिला साथीहरु छन्।

लक डाउनका बेला घरबाटै काम गर्दा झन धेरै नै चुनौतीहरुको सामना गर्नु पर्‍यो घरको काममा पुरुष सदस्यहरुले नसघाउने प्रवृतिले महिलाले सहज रुपमा ब्यवसायिक काममा मात्र केन्द्रित भएर काम गर्न पाएनन्। बच्चा हुनेहरुका लागि बच्चाको बिद्यालय छुट्टी थप चुनौतीको रुपमा रह्यो। स्कुलहरुले अनलाईन कक्षा सुरु गरेपछि बच्चाको कक्षामा उनीहरुँगै बस्नुपर्ने, होम वर्क गराउनुपर्ने, अर्को काम थपियो।

एकातिर वर्क फ्रम होमका कारण घरमै बसेर काम गर्नुपर्ने, अर्कोतिर पल पलमा कोभिड १९ सँग जोडिएका विषय अपडेट गर्नुपर्ने। यसले झन मानसिक तनाव थपियो। 'त्यो मिडियामा आईसक्यो तपाईको खोइ?' सम्पादकको प्रश्नको जवाफका लागि बोलेर मात्र हुँदैन थियो, कामनै अगाडी देखाउनु पर्थ्यो। प्रत्यक्ष भेट हुन नपाउँदा कहिलेकाहीं चिनेकै स्रोतले पनि फोन नउठाउँदा अर्को तनाव सिर्जना हुन्थ्यो कसरी भेरिफाई गर्ने भनेर।

यति हुँदा पनि स्वास्थ्य विटमा काम गर्ने पत्रकारहरुका लागि खुशीको कुरा के रह्यो भने कुनै पनि स्वास्थ्य पत्रकारलाई मिडिया हाउसले कटौती गरेनन् वा कामबाट निकालेनन्, कारण थियो उनीहरुले पहिल्यैदेखि स्वास्थ्यमै कलम चलाएका कारण स्रोतसँगको सम्बन्ध राम्रो हुनु।

कोभिड १९ ले स्वास्थ्य पत्रकारलाई कामको बोझ थपे पनि यसले स्वास्थ्य विटको महत्व पनि त्यत्तिकै बुझायो। जसले गर्दा यही कोरोना कालमा नै केही स्वास्थ्य विटमै फोकस भएर केही अनलाइन पनि आए।

अन्त्यमा केही वर्ष अघिसम्म मिडिया हाउसको खासै प्राथमिकतामा नपरेको स्वास्थ्य विट अहिले पहिलो प्राथमिकतामा पर्नु हामी जस्ता स्वास्थ्य पत्रकारका लागि खुशीको कुरा हो।

अध्याय ४

# कोभिड–१९ ले महिला पत्रकारमा पारेको असरको विश्लेषण

## ४.१ छलफलको विश्लेषण

कोभिड-१९ ले महिला पत्रकारमा पारेको असरबारे गरिएको छलफलमा पत्रकारले मूलतः तीनवटा कुरा उठाएका थिए- पहिलो, मिडिया हाउसले पत्रकार निकाल्दै गर्दा आफू पनि निकालिने हुँ कि भन्ने भयले तनाव सिर्जना गऱ्यो । दोस्रो, वर्क फ्रम होम गर्दा समाचार स्रोतसँगको सम्पर्क, समाचार लेखन, घरको काम र बच्चाको स्याहारबीच तालमेल मिलाउन गाह्रो भयो । यसले कामको बोझ थपिनुका साथै काम गर्ने माहौल पनि भएन । तेस्रो, आफूलाई सङ्क्रमण भयो भने के गर्ने भन्ने तनाव एकातिर रह्यो भने अर्कोतिर घरपरिवारका सदस्यले बाहिर रिपोर्टिङमा गएर हामीलाई कोरोना साऱ्यौ भने... भनी समय-समयमा दिइरहने मनोवैज्ञानिक दबाबले फिल्ड रिपोर्टिङमा जानलाई हतोत्साहित गऱ्यो ।

फोकस ग्रुपमा सहभागी धेरैजसो महिला पत्रकारले आफू कार्यरत मिडिया हाउसबाट समयमा तलब नपाउँदा घर-परिवार धान्न गाह्रो भएको बताएका थिए । साथै व्यावसायिक र भौतिक सुरक्षा चुनौतीबारे पनि गम्भीर चुनौती औंल्याएका थिए । कोभिडपछि जागिर गुमाएका पत्रकारले आत्मविश्वासमा कमी आएको बताएका थिए । तलब ढिलो आउँदा व्यवहार टार्न अप्ठ्यारो परे पनि कम्तीमा आफू सम्बन्धित मिडियामा कार्यरत छु भन्ने अनुभूति हुने गरेको, तर जागिरबाटै निकालिएपछि भने आत्मविश्वास खस्किएको उनीहरूको भनाइ थियो ।

### अरूको समाचार लेखे पनि आफ्नो लेख्न पाइएन

समूहगत छलफलमा सहभागीमध्ये कतिपय सहभागी कोभिड-१९ बाट सङ्क्रमित भइसकेका थिए भने कति सङ्क्रमणकै अवस्थामा थिए । धेरैजसो पत्रकारको बसाइ डेरामा छ । सङ्क्रमितहरू भइसकेकाहरूमध्ये अधिकांशले आफूहरूले अरूलाई भएको सङ्क्रमणबारे समाचार बनाए पनि आफ्नैबारेमा भने समाचार त के सामाजिक सञ्जालमा समेत नलेखेको बताए । यसरी लेख्न नपाउनुको प्रमुख कारण घरबेटीले थाहा पाए भने आफूलाई घरबाट निकाल्लान् भन्ने डर नै हो । बिरामी परेको बेला आफू बसिरहेको घर छोडेर अर्को डेरा खोज्ने अवस्था नभएकाले बरु केही जानकारी नदिई आइसोलेसनमा बसेको सहभागीहरूले बताए । कतिपय पत्रकारको पति, सन्तानसहित पूरै परिवारलाई नै कोरोना सङ्क्रमण भएको थियो ।

आइसोलेसनमा बस्दा अरूले थाहा पाउलान् कि भनी एकप्रकारको त्रासमा उनीहरूको समय बितेको थियो । त्यसपछि पनि उनीहरूले आफूमाथि भएको कठिनाइ र दुःख खुलेर व्यक्त गर्न पाएनन् । समूहगत छलफलका क्रममा आज आफ्नो कुरा भन्न पाएँ भनी एक सहभागी रोएकी थिइन् । आफ्नो कुरा खुलेर लेख्न र भन्न नपाउँदा कतिपय महिला पत्रकारलाई थप मनोवैज्ञानिक असर परेको पाइयो । राम्रो फिचर, लेख, संस्मरण लेख्दै आएका कतिपय पत्रकारले डेरामा बसेकै कारण आफ्नो कुरा निर्धक्क लेख्न सकेनन् ।

## कोभिडले फरक पारेको जिम्मेवारी बाँडफाँड

महिला पत्रकार तथा सञ्चारकर्मीलाई ‘सफ्ट बिट’का रूपमा रहेको महिला, स्वास्थ्यलगायतका क्षेत्रहरूको जिम्मेवारी दिने गरिएको भनी विगतमा गुनासो गर्ने गरिएको थियो । तर, समयक्रममा कोभिड-१९ का कारण स्वास्थ्य महत्वपूर्ण र मुख्य ‘बिट’ बन्न पुग्यो । धेरै महिला पत्रकार स्वास्थ्य बिटमा संलग्न छन् । स्वास्थ्य पत्रकार मञ्चकी अध्यक्ष कल्पना आचार्यका अनुसार स्वास्थ्य बिटमा काम गर्ने पत्रकारमध्ये ८० प्रतिशत महिला छन् । मुलुकमा कोरोना भाइरसको सङ्क्रमण बढ्दै जाँदा स्वास्थ्य क्षेत्र हेर्ने पत्रकारहरूको महत्व बढ्दै गयो । कोरोना भाइरसको जोखिम सामना गर्दै उनीहरू जनतालाई सुसूचित गर्ने काममा खटिए, खटिइरहेका छन् ।

राजनीति, द्वन्द्व, शान्ति-प्रक्रिया, परराष्ट्र, सुरक्षाजस्ता विषयहरूलाई मूल प्रवाहका विषय मान्दै आएकोमा अहिले यी विषय छायामा परेका छन् । यसबाट महिला, सामाजिक, स्वास्थ्य या कुनै पनि बिट सानो हुँदैन, समय र परिस्थितिअनुसार सबैको आफ्नै महत्व छ भन्ने बुझ्न सहज भएको छ । हामीकहाँ राजनीति सदाबहार चर्चामा रहने गरेका कारण राजनीतिलगायतका बिटलाई महत्व दिने गरिएको मात्रै हो ।

यो सर्वेक्षणले धेरैजसो महिला पत्रकार (४२ प्रतिशत) सबैखाले वा मिश्रित बिटमा काम गर्छन् भन्ने देखाएको छ। यस्तो अवस्था उपत्यकाबाहिरका सञ्चारमाध्यममा बढी पाइएको छ । यस्तै, टिभी र रेडियोमा कार्यरत पत्रकारमा ठूला पत्रिकामा काम गर्ने पत्रकारका तुलनामा बिट छुट्याएर काम गर्ने चलन कम भएकाले पनि यस्तो भएको अध्ययनबाट देखिएको छ । यसमा समाचार वाचनदेखि रिपोर्टिङ गर्नेसम्म परेका छन् । कुल महिला सहभागीमध्ये २२ प्रतिशत महिला 'बिट'मा कार्यरत छन्। १५ प्रतिशत महिला पत्रकारले राजनीति र समसामयिक विषयलाई 'बिट' बनाएका छन् । शिक्षा 'बिट'मा काम गर्ने महिला पत्रकार पाँच प्रतिशत छन् भने स्वास्थ्य बिटमा कार्यरत तीन प्रतिशत छन्। यस्तै मनोरञ्जनमा तीन प्रतिशत, आर्थिकमा एक प्रतिशत रहेका छन् भने दुई प्रतिशतले अन्य 'बिट'मा काम गर्ने बताएका थिए ।

यसबीचमा राजनीतिक, आर्थिक, महिला, सामाजिक सबै बिटमा काम गर्ने महिलाले कोभिड- ९ लाई जोडेर समाचार सम्प्रेषण गर्नुपऱ्यो । साथै स्वास्थ्य बिटमा काम गर्नेले स्वास्थ्यसँग मात्र नभएर कोरोनासँग सम्बन्धित अन्य कुराहरू पनि हेर्नुपऱ्यो । कोभिड-१९ ले पत्रकारलाई एउटा बिटमा मात्र सीमित हुन दिएन ।

## ४.२ महिला पत्रकारको सुरक्षा

पत्रकार सुरक्षाको कुरा गर्दा मूलतः दुईवटा कुरा महत्वपूर्ण हुन्छ, भौतिक सुरक्षा र पेसागत सुरक्षा । सुरक्षाको सन्दर्भमा मनोवैज्ञानिक त्रास पनि महत्वपूर्ण छ । महिला पत्रकार भौतिक र पेसागत दुवै रूपमा पूर्ण सुरक्षित छैनन् । समय परिस्थितिअनुसारको सुरक्षा आफैँ गर्नुपर्ने अवस्था छ । महिला-पुरुष दुवैलाई पत्रकार सुरक्षा तालिमको अभाव छ । पत्रकारको सुरक्षा जनताको सूचना प्राप्त

गर्ने हकसँग जोडिएको कुरा हो भन्ने मान्यता स्थापित नहुँदा यस्तो अवस्था आएको हो । श्रमजीवी पत्रकार ऐन हामीसँग छ, तर पत्रकारले उपयुक्त तलब-सुविधा पाउन सकेका छैनन् । जीवन बिमा र दुर्घटना बिमा पनि गर्ने गरिएको छैन । पत्रकार सुरक्षाका सबै सवाल महिला पत्रकारका सवाल हुन् । महिला भएकै कारण थप असुरक्षित हुनुपर्ने अवस्थाहरूमा काम या घर पुग्ने समय सीमा, मूल्यमान्यता, राति हिँड्नुपर्दाका असुरक्षालगायत रहेका छन् ।

महामारी, द्वन्द्व या प्राकृतिक विपत्का बेला पत्रकारहरू कसरी सुरक्षित रहने भनी हामीकहाँ पत्रकार सुरक्षाका तालिमहरूको व्यवस्था छैन । राज्य, निजी क्षेत्र या मिडिया हाउस कसैले पनि पत्रकारको सुरक्षालाई प्राथमिकतामा राखेका छैनन् । वि.सं. २०७२ को भूकम्पका बेला पनि पत्रकारले असरुक्षाकै बीच रिपोर्टिङ गरेका थिए । त्यतिबेला महिला पत्रकार तथा सञ्चारकर्मीको अवस्था थप जोखिममा थियो । धेरैजसो रेडियो, एफएमहरूको स्टुडियो तीन, चार तलामाथि हुने र ती स्टुडियोमा समाचार वाचन गर्ने प्रायः महिला सञ्चारकर्मी हुने भएका कारण उनीहरू थप जोखिममा परेका थिए ।

कोभिड-१९ को महामारीमा महिला पत्रकारले सामान्य मास्क र स्यानिटाइजरको भरमा काम गरे । धेरैजसो महिला पत्रकारसँग पन्जा तथा अन्य सुरक्षा सामग्री पनि नभएको समूहगत छलफलबाट जानकारी प्राप्त भएको थियो । कोभिड बिरामी उपचाररत रहेका अस्पतालमै गएर रिपोर्टिङ गर्ने कतिपय पत्रकारले पिपिईलगायतका सामग्रीबिना नै रिपोर्टिङ गरेका थिए । सरकारी स्वामित्वका र आर्थिक रूपमा सबल रहेका निजी क्षेत्रका सञ्चारमाध्यमहरूले भने कोभिड-१९ महामारीको जोखिम सुरु भएसँगै कार्यस्थल र फिल्डमा सञ्चारकर्मीहरूका लागि आवश्यक सुरक्षा सतर्कता अपनाएको पाइएको थियो । कार्यस्थललाई डिस इन्फेक्ट गर्ने, साबुनपानीले हात धुने व्यवस्था मिलाउने, स्यानिटाइजरको प्रबन्ध गर्ने, मास्क, पन्जा र जोखिम क्षेत्रमा जाँदा पिपिई उपलब्ध गराएका थिए ।

यसैगरी कतिपय सञ्चारमाध्यमले संस्थामा कार्यरत सबै पत्रकार तथा सञ्चारकर्मीका लागि कोरोना बिमा गर्नुका साथै कोरोना परीक्षण, सङ्क्रमितका लागि आइसोलेसन, क्वारेन्टाइन र उपचारको प्रबन्ध गरेका थिए ।

## अध्याय ५
# चुनौती र अवसर

### ५.१ कोभिड–१९ ले निम्त्याएका थप चुनौती

नेपाली महिला पत्रकार विभिन्न चुनौतीबाट गुज्रिरहेका थिए। पत्रकारिताले उद्योग व्यवसायको रूप लिइनसकेको कारणले यो क्षेत्र नै आर्थिक चुनौतीबाट गुज्रिरहेको हुँदा महिला पत्रकार पनि स्वतः यो समस्याबाट मुक्त छैनन्। कोभिड-१९ ले यो चुनौतीलाई झनै बढाइदिएको छ। बिहान-बेलुका जतिबेला पनि काममा दौडिनुपर्ने हुँदा घर र कामबीचको समय व्यवस्थापन गर्न निकै कठिन हुन्छ। अहिले कामकाजी महिलाको चुनौती भनेकै दोहोरो भूमिका हो। कामकाजी महिलालाई घर र कार्यालय सम्हाल्नुपर्ने दोहोरो जिम्मेवारी छ। यो भार महिला पत्रकारलाई मात्र होइन, अरू व्यावसायिक महिलालाई पनि उत्तिकै छ। पुरुषले घरका काममा नसघाइदिँदा महिलामाथि दोहोरो बोझ थपिएको हो। महिलाहरू समाचार डेक्समा बसेर घर-व्यवहार र समस्याबारे सोच्न बाध्य छन्। महिला पत्रकारका निम्ति सुरक्षाको चुनौती पनि छ। बेलुका अबेरसम्म काम गर्ने महिलालाई सवारीसाधनको व्यवस्था भएन भने यात्रा जोखिमपूर्ण हुन्छ। अहिले पनि राति १० बजे महिला खुला सडक र गल्लीमा एक्लै निर्धक्क हिँड्न सक्ने अवस्था छैन। आर्थिक पाटो अर्को चुनौती हो।

कोभिड-१९ ले पत्रकारको व्यावसायिक र भौतिक दुवै सुरक्षामा थप चुनौती खडा गरिदिएको छ। पत्रकारिता व्यवसाय नै धराशायी बनिरहेको अवस्थामा कोभिडपछिको पत्रकारिताका सबै चुनौती महिला पत्रकारका चुनौती हुन्। यसका साथै अब प्रविधिमा दक्ष हुनैपर्ने चुनौती पनि थपिएको छ। घरघरमा बसेर काम गर्नुपर्ने परिस्थितिमा अनलाइनमा सामग्री अपलोड गर्नेलगायतका प्राविधिक ज्ञान भएन भने यो क्षेत्रमा टिक्न गाह्रो हुन्छ। रिपोर्टिङ गर्दा छापा र टेलिभिजन या रेडियोलाई छुट्टाछुट्टै सामग्री बनाएर फोटो या दृश्यसहित समाचार फाइल गर्न

नसक्ने पत्रकार अब मिडियामा टिक्न गाह्रो हुन्छ । प्राविधिक ज्ञानको कमी धेरैजसो महिला पत्रकारका लागि चुनौतीको रूपमा रहेको छ ।

## ५.२ कोभिड-१९ ले महिला पत्रकारलाई दिएको अवसर

कोभिड-१९ ले महिला पत्रकारलाई चुनौती मात्र होइन अवसर पनि दिएको छ । स्वास्थ्य बिटमा काम गर्ने महिला पत्रकारको सङ्ख्या ठूलो भएका कारण कोभिडपछि उनीहरूले मुख्य समाचारमा 'बाइलाइन' लेख्ने अवसर पाए । टेलिभिजन र रेडियोमा स्वास्थ्य बिटमा काम गर्ने महिला पत्रकारहरूले तयार गरेका सामग्रीहरू मुख्य समाचारका रूपमा आए । यसअघि प्रायः राजनीतिक मुद्दाहरूले मात्रै मुख्य समाचारको स्थान पाउने गरेका थिए । कोभिडपछि विगतमा छायामा परेको स्वास्थ्य बिट रातारात मूल प्रवाहको बिट बन्न पुग्यो ।

कोभिडलाई जोडेर लेखिएका समाचार राजनीतिक, आर्थिक, भ्रष्टाचार र अनियमिततासम्बन्धी, सामाजिक सबै हुन पुगे । यी सबै कुरालाई जोडेर सामग्री तयार गर्नुपर्ने अवस्था आएपछि सबै विषयमा विषयगत ज्ञानको विकास भयो । विभिन्न क्षेत्रका व्यक्तित्वहरूसँग सम्बन्ध विस्तार भयो र समाचार स्रोतमा पहुँच बढ्यो । एउटा क्षेत्रमा मात्रै काम गर्दाका सीमितताहरू फराकिलो भए । घरबाटै काम गर्नुपर्ने अवस्थामा प्राविधिक ज्ञान लिनैपर्ने बाध्यता भयो जसले गर्दा सीप विकास त भयो नै मुलुकबाहिरका समाचार संस्थाहरूमा पनि काम गर्न सक्ने अवस्थाको सिर्जना भयो ।

विभिन्न चुनौतीसँगै पत्रकारिता अवसर र सम्भावनाले भरिएको पेसा हो । प्रविधिले यो सम्भावनालाई फराकिलो बनाइदिएको छ । प्रविधिको विकासले नेपालमा मात्रै सीमित नरही आफ्नै देशमा बसेर विश्वका कुनै पनि मुलुकका मिडियामा काम गर्न सक्ने अवस्था सिर्जना हुँदै गएको छ । विभिन्न मुलुकबाट सञ्चालन हुने इन्टरनेट पत्रिका (नेपाली भाषामै पनि), ब्लग, पत्रपत्रिका, टेलिभिजन च्यानललगायतका सञ्चारमाध्यमहरूमा मुलुकमै बसेर काम गर्न सकिन्छ । कम खर्चिलो र धेरै जानकारी हुने हुनाले विभिन्न विदेशी समाचार एजेन्सीहरूले सोही देशका पत्रकारलाई संवाददाता राख्ने र त्यसमा महिला पत्रकारलाई प्राथमिकता दिने प्रचलन बढ्दै गएकाले स्वतः नेपालमा पनि त्यो सम्भावना बढेर गएको छ । जसलाई महिला पत्रकारको निम्ति राम्रो अवसरका रूपमा लिन सकिन्छ ।

## अध्याय ६
# निष्कर्ष तथा सुझाव

### ६.१ निष्कर्ष

सन् २०१९ को डिसेम्बरबाट सुरु भएको कोभिड-१९ बाट सम्पूर्ण मानवजीवन प्रभावित भए पनि त्यसको असर विभिन्न क्षेत्रमा फरक रूपमा पर्‍यो । विभिन्न मुलुकमा जस्तै नेपालमा पनि विभिन्न क्षेत्रमा यसको प्रभाव रह्‍यो र मिडिया क्षेत्र यसबाट टाढा रहन सकेन । मिडिया क्षेत्रमा काम गर्ने सबै पत्रकार तथा सञ्चारकर्मी कोभिड-१९ बाट प्रभावित भए पनि महिला सञ्चारकर्मी र पत्रकारलाई यसले थप असर पुर्‍यायो । विभिन्न चुनौतीबाट गुज्रिँदै पेसागत रूपमा अगाडि बढिरहेका महिला पत्रकार तथा सञ्चारकर्मीलाई कोभिड-१९ ले थप चुनौती खडा गरिदियो ।

कोभिड-१९ का कारण भएको लकडाउन र त्यसपछिको समयमा धेरैजसो महिला पत्रकारलाई मनोवैज्ञानिक र आर्थिक असर परेको पाइएको छ । यो अध्ययनबाट ५७ प्रतिशत महिला पत्रकार मनोवैज्ञानिक त्रासबाट गुज्रिएको पाइएको छ । असुरक्षित महसुस हुने, मन आत्तिने, डर, चिन्ता लाग्ने र निद्रा नलाग्ने समस्याबाट आफूहरू गुज्रिएको महिला पत्रकारले बताएका छन । उक्त मनोवैज्ञानिक त्रास आफूलाई कोरोना लाग्ला कि भन्नेदेखि लिएर कामबाट निकालिने हुँ कि भन्नेसम्म रहेको पाइएको छ । यसैगरी ६३ प्रतिशत महिला पत्रकारले आर्थिक असर परेको बताएका छन् । समयमा तलब नपाएको, पूर्णकालीनबाट आंशिक काममा सीमित हुनुपरेको, रोजगारी गुमाएकोलगायतका कारण आर्थिक असर भोग्नुपरेको पाइएको छ । विपत् तथा महामारीका समयमा रिपोर्टिङको अनुभव नभएको र तालिम नपाएका कारण कार्यस्थल तथा फिल्ड रिपोर्टिङमा चुनौतीको सामना गर्नुपरेको थियो ।

यति हुँदाहुँदै पनि महिला पत्रकारका लागि कोभिड-१९ ले केही अवसर पनि ल्याएको पाइएको छ । धेरै महिला पत्रकारलाई स्वास्थ्य बिटमा काम गर्ने भएका कारण 'बाइलाइन' मुख्य समाचार लेख्ने या फिचर सामग्री निर्माण गर्ने अवसर प्राप्त भयो । यसबीचमा महिला पत्रकारले विभिन्न क्षेत्रका व्यक्तिहरूसँग समाचारको स्रोतको रूपमा पहुँच बढाएको पाइएको छ । पत्रकारका लागि समाचार स्रोतमा पहुँच र नयाँ समाचार स्रोतको पहिचान आफैँमा उपलब्धि हो ।

## ६.२ सुझाव

- महिला पत्रकारका लागि राज्यले राष्ट्रिय नीति बनाउनु आवश्यक छ । नीतिमा मिडियामा महिलाको प्रवेश, कार्यस्थलमा काम गर्ने वातावरण, सङ्ख्यात्मक वृद्धि, नीतिगत तहमा सहभागिता, भौतिक तथा पेसागत सुरक्षालगायतका कुरा उल्लेख हुनु आवश्यक छ ।
- महिला पत्रकारलाई लक्षित गरेर प्राकृतिक विपत् एवम् कोभिड-१९ जस्ता महामारीका बेला रिपोर्टिङको विषयवस्तु, तरिका र शैलीका सम्बन्धमा प्रशिक्षण आवश्यक छ ।
- कोभिड-१९ जस्ता महामारीले पार्ने बहुआयामिक असरबारे विश्लेषण क्षमता विकासको प्रशिक्षण आवश्यक छ ।
- मिडिया हाउसले अनिवार्य रूपमा 'इन हाउस' लैङ्गिक नीति बनाई कार्यान्वयनमा ल्याउनु आवश्यक छ ।
- महिला पत्रकारलाई लक्षित गरेर प्राविधिक तालिम आवश्यक छ ।
- विपत् तथा महामारीको समयमा व्यक्तिगत सुरक्षा, कार्यस्थलको सुरक्षा र स्थलगत रिपोर्टिङ एवम् समाचार सङ्कलन, छायाङ्कन वा कार्यक्रम उत्पादनका क्रममा अपनाउनुपर्ने सुरक्षा सावधानीबारे प्रशिक्षण आवश्यक छ ।
- जोखिमको समयमा स्थलगत रिपोर्टिङमा जाँदा अनिवार्य रूपमा अतिरिक्त जोखिम बिमा गर्ने व्यवस्था गरिनु आवश्यक छ ।
- रोजगारी गुमाएका वा अन्य आर्थिक असर परेका महिला पत्रकारलाई कामको अवसरका लागि सरकार, सम्बन्धित सञ्चार प्रतिष्ठान तथा पेसागत सङ्घसंस्थाहरूले उचित व्यवस्था गर्नु आवश्यक छ ।

## सन्दर्भ सामग्री

१. गृष्मबहादुर देवकोटा, 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास' वि.सं. २०५१ (दो.सं. : १३०)

२. डा. महेन्द्र विष्ट, 'नेपालमा प्रेस स्वतन्त्रता' २०७४

३. नेपाल प्रेस एन्स्टिच्युट (सन् २०२०), कोभिड-१९ ले नेपाली पत्रकारितामा पारेको प्रभाव ।

४. नेपाल पत्रकार महासङ्घ (सन् २०२०), पत्रकारिता क्षेत्रमा कोभिड-१९ को प्रभाव सर्वेक्षणको प्रारम्भिक नतिजा ।

५. सञ्चारिका समूह (सन् २०१६), नेपालमा पत्रकार महिला, नेपालका पत्रकार महिलाको अवस्थाबारे अध्ययन ।

६. 'पत्रकारितामा महिला सहभागिता विगतदेखि वर्तमानसम्म' कार्यपत्र, बबिता बस्नेत– नेपाल पत्रकार महासङ्घद्वारा चितवनको पटिहानीमा सम्पन्न महिला पत्रकारको राष्ट्रिय सम्मेलनमा प्रस्तुत कार्यपत्र, सन् २०१९ ।

७. सञ्चारिका समूह (सन् २०११) राजधानीमा कार्यरत महिला पत्रकारको अवस्था ।

८. सञ्चारिका समूह (सन् २००५), सञ्चारकर्मी महिलाको अवस्था ।

९. विमेन इन नेप्लिज मिडिया, कार्यपत्र– बबिता बस्नेत, युनेस्कोले रुसको राजधानी मस्कोमा आयोजना गरेको जेन्डर एन्ड मिडिया : पिस कम्युनिकेसन विषयमा आयोजित कार्यक्रममा प्रस्तुत कार्यपत्र, सन् २००९ ।

१०. सूचना तथा प्रशारण विभागद्वारा प्रकाशित 'नेपाल', वर्ष ५०, अंक १, २०७७

अनुसूची १

# अनलाइन सर्वेक्षण प्रश्नावली

## अ. महिला पत्रकारका जनसङ्ख्यात्मक र मिडियासम्बन्धी विवरण

१. नामः

२. प्रदेश

- ○ प्रदेश नं. १
- ○ प्रदेश नं. २
- ○ बागमती प्रदेश
- ○ गण्डकी प्रदेश
- ○ लुम्बिनी प्रदेश
- ○ कर्णाली प्रदेश
- ○ सुदूरपश्चिम प्रदेश

३. उमेर समूह

- ○ १८-२४ वर्षमुनि
- ○ २५-३४ वर्ष
- ○ ३५-४४ वर्ष
- ○ ४४-५४ वर्ष
- ○ ५५ माथि

४. जात-जाति

- ○ ब्राह्मण र क्षत्री
- ○ आदिवासी-जनजाति
- ○ नेवार

- दलित
- तराई र मधेस
- मुस्लिम
- अन्य

५. शैक्षिक योग्यता

- एमफिल र पिएचडी
- स्नातकोत्तर
- स्नातक
- १०+२
- एसइई र एसएलसी

६. वैवाहिक अवस्था

- विवाहित
- अविवाहित
- सम्बन्धविच्छेद
- विधवा
- म भन्न चाहँदिनँ

७. शारीरिक अपाङ्गता भएको

- छ
- छैन
- अन्य

८. कार्यरत सञ्चारमाध्यम

- छापा
- टेलिभिजन
- रेडियो
- अनलाइन
- समाचार संस्था
- अन्य

९. मिडियाको स्वामित्व

- सरकारी र राज्यबाट सञ्चालित
- निजी
- सामुदायिक
- अन्य

१०. कामको विवरण

- पूरा समय
- आंशिक
- स्तम्भकार
- स्वतन्त्र पत्रकार
- अन्य

११. कार्यरत पद

- प्रधान सम्पादक र सम्पादक
- रिपोर्टर
- टिभी प्रस्तोता
- समाचार प्रस्तोता
- समाचार सम्पादक र desk editor
- क्यामेरा पर्सन
- फोटो पत्रकार
- स्वतन्त्र पत्रकार
- प्रकाशक तथा व्यवस्थापक
- अन्य

१२. काम गरेको अनुभव

- १-५ वर्ष
- ६-१० वर्ष
- १०-१५ वर्ष
- १५-२० वर्ष
- २० वर्षमाथि

१३. बिट रिपोर्ट

- ○ राजनीतिक
- ○ आर्थिक
- ○ स्वास्थ्य
- ○ शिक्षा
- ○ खेलकुद
- ○ महिला
- ○ मनोरञ्जन
- ○ अन्य

## आ. कोभिड-१९ महामारीले महिला पत्रकारमाथि पारेको असर

१. के तपाईंलाई कोभिड-१९ का कारणले मनोवैज्ञानिक असर परेको छ ?

- ○ छ
- ○ छैन
- ○ हुन सक्छ
- ○ थाहा छैन

२. यदि छ भने, तपाईंले के-कस्तो मनोवैज्ञानिक असर भोग्नुपरेको छ ?

- ○ मन आत्तिने
- ○ डर, चिन्ता लाग्ने
- ○ निद्रा नलाग्ने
- ○ असुरक्षित महसुस गर्ने
- ○ समाचार देखेर दिक्क लाग्ने
- ○ मन खिन्न हुने
- ○ अन्य

३. माथि उल्लेख गरेका मनोवैज्ञानिक असरको मुख्य कारण के हो जस्तो लाग्छ ?

- ○ कोभिड-१९ महामारीका कारणले मैले काम गुमाएँ ।
- ○ कोभिड-१९ महामारीका कारण मेरो काम गुम्न सक्छ ।
- ○ कोभिड-१९ महामारीका कारण मेरो काम सुरक्षित छैन ।
- ○ कोभिड-१९ महामारीका समयमा काम गर्न परिवारको सहयोग

छैन ।

- ○ कोभिड-१९ महामारीका कारण बिनातलब काम गर्नुपरेको छ ।
- ○ कोभिड-१९ महामारीका कारण थोरै तलबमा धेरै काम गर्नुपरेको छ ।
- ○ अन्य

४. कोभिड-१९ का कारण भएको मनोवैज्ञानिक असरले गर्दा के तपाईंको काम र व्यक्तिगत जीवनमा असर परेको छ ?

- ○ छ
- ○ छैन
- ○ मेरो काममा मात्र असर परेको छ
- ○ मेरो व्यक्तिगत जीवनमा मात्र असर परेको छ

५. के महामारी र लकडाउनको बेला तपाईंलाई मिडिया क्षेत्रको काम छोड्न मन लागेको छ ?

- ○ छ
- ○ छैन
- ○ कहिलेकाहीँ छोड्न मन लाग्छ

६. कोभिड-१९ पछिको स्थितिमा के तपाईं यी मनोवैज्ञानिक समस्याबाट मुक्त हुन्छु जस्तो लाग्छ ?

- ○ लाग्छ, तर समय लाग्न सक्छ
- ○ लाग्दैन, किनभने मैले मेरो काम गुमाएकी छु
- ○ मेरो अहिले काम नभए पनि नयाँ काम पाउने आशामा छु
- ○ मैले मिडिया पेसा छोडेर अर्कै पेसामा लाग्ने विचार गरेकी छु
- ○ अन्य (...)

७. के तपाईंलाई कोभिड-१९ का कारणले आर्थिक असर परेको छ ?

- ○ छ
- ○ छैन
- ○ हुन सक्छ
- ○ थाहा छैन

८. यदि छ भने, तपाईंले के-कस्तो आर्थिक समस्या भोग्नुपरेको छ ?

- ○ तलब पाएको छैन
- ○ तलब ढिला पाउने गरेको छ
- ○ तलब र काम दुवै घटेको छ
- ○ तलब घटेको, तर काम बढेको छ
- ○ मेरो आर्थिक स्थितिमा खासै असर परेको छैन
- ○ अन्य (लेख्नुहोस्...)

९. के तपाईंले आफ्नो परिवारलाई आर्थिक रूपमा सहयोग गर्नुपर्छ ?

- ○ पर्छ, मेरा परिवारलाई मैले आर्थिक रूपमा सहयोग गर्दै आएकी छु
- ○ पर्दैन
- ○ कहिलेकाहीँ मात्र सहयोग गर्छु

१०. कोभिड-१९ का कारण लकडाउनको बेला तपाईंले कसरी काम गर्नुभयो ?

- ○ मैले घरबाट काम गरेँ
- ○ मैले अफिस गएर नै काम गरेँ
- ○ मैले अफिस गएर काम गरे पनि अफिस समय आफूअनुकूल थियो
- ○ मैले लकडाउनको बेला काम गरिनँ
- ○ अन्य

११. के तपाईंको संस्थाले घरबाट काम गर्न मिल्ने व्यवस्था मिलाएको छ ?

- ○ छ
- ○ छैन
- ○ थाहा छैन

१२. यदि घरबाट काम गर्ने व्यवस्था भए तपाईंलाई घरबाट काम गर्दा कस्तो महसुस भएको छ ?

- ○ मलाई घरबाट काम गर्न सहज महसुस भएको छ
- ○ मलाई घरायसी काम र अफिसको काम सँगै गर्नुपर्दा असहज महसुस भएको थियो र छ
- ○ मलाई असहज भएको थियो किनभने मसँग घरमा काम गर्न

चाहिने उपकरणहरू (जस्तैः ल्यापटप, software, इन्टरनेट) छैन

- ○ अन्य

१३. के तपाईंको संस्थाले लकडाउनको बेला काम गर्न वा अफिस जान गाडीको व्यवस्था गरेको थियो ?

- ○ थियो
- ○ थिएन
- ○ अन्य

१४. यदि थिएन भने, तपाईं कसरी काममा जानुभयो ?

- ○ मसँग आफ्नै गाडी र स्कुटर छ
- ○ मेरो परिवारका सदस्यले सहयोग गरे
- ○ मेरो सहकर्मीले सहयोग गरे
- ○ मैले ट्याक्सी प्रयोग गरेँ
- ○ अन्य

१५. कोभिड-१९ महामारी र लकडाउनको बेला मिडियाकर्मी र पत्रकारलाई काम गर्न एकदम चुनौतीपूर्ण छ । यो कुरामा तपाईं कत्तिको सहमत हुनुहुन्छ ?

- ○ पूर्ण सहमत
- ○ सहमत
- ○ भन्न सक्दिनँ
- ○ असहमत
- ○ पूर्ण असहमत

१६. कोभिड-१९ महामारीअघि के तपाईंले प्राकृतिक प्रकोप र विपत्तिसम्बन्धी रेपोर्टिङ गर्नुभएको थियो ?

- ○ थिएँ
- ○ थिइनँ
- ○ अलिअलि गरेकी थिएँ

१७. कोभिड-१९ लकडाउनले गर्दा के पुरुष र महिला पत्रकारबीच लैङ्गिक असमानता वा विभेद बढेको छ ?

- ○ छ
- ○ छैन
- ○ थाहा छैन

१८. कोभिड-१९ महामारी र लकडाउनको बेला के तपाईंले मिडिया क्षेत्रमा लैङ्गिक असमानता वा भेदभाव महसुस गर्नुभएको छ ?

- ○ छ
- ○ छैन
- ○ कहिलेकाहीँ भएकोजस्तो लाग्छ
- ○ भन्न सक्दिनँ

१९. यदि छ भने तपाईं आफूले कस्तो लैङ्गिक विभेद महसुस गर्नुभएको छ ?

- ○ महामारी र लकडाउनको बेला समाचार सङ्कलन गर्न पुरुष सहकर्मीलाई पठाउने र लगाउने
- ○ मैले स्वास्थ्यमा काम गरे पनि सम्पादकले पुरुष सहकर्मीलाई मात्र काम लगाउने वा काम गर्न प्रोत्साहन गर्ने
- ○ तपाईंको गाडी छैन वा घर छिटो जानुहोस् भनेर कोभिड-१९ का समाचार छलफल गर्ने र लेख्ने बेला मलाई संलग्न नगराउने
- ○ मैले कोभिड-१९ महामारीबारे समाचार सम्प्रेषण गर्न चाहे पनि वास्ता नगर्ने
- ○ अन्य

२०. तपाईंले आफ्नो समस्याहरू व्यवस्थापक समिति र समूहसामु राख्नुभएको छ कि छैन ?

- ○ छ
- ○ छैन

२१. के तपाईंले महामारीको बेला कार्यक्षेत्रमा कुनै प्रकारको हिंसा (मानसिक, शारीरिक वा यौनिक हिंसा) भोग्नुभएको छ ?

- ○ छ
- ○ छैन

२२. तपाईंले आफूमाथि कार्यक्षेत्रमा भएको हिंसाबारे कहीँ कतै उजुरी गर्नुभएको छ ?

- ○ छ
- ○ छैन

२३. यदि गर्नुभएको छ भने कस्तो प्रतिक्रिया पाउनुभयो ?

- ○ व्यवस्थापक समितिले तुरुन्तै कारबाही गरे
- ○ व्यवस्थापक समितिले महामारीपछि कारबाही गरिनेछ भने
- ○ केही प्रतिक्रिया आएन
- ○ अन्य

२४. यदि उजुरी गर्नुभएन भने किन ?

- ○ मेरो संस्थामा उजुरी लिने व्यवस्थापकीय नीति नै छैन
- ○ मैले उजुरी गरे मेरो जागिर गुम्न सक्छ
- ○ मलाई व्यवस्थापक समितिमा कुनै विश्वास छैन
- ○ मलाई उजुरी गर्नुपर्छ जस्तो लागेन
- ○ अन्य

२५. के तपाईंले महामारीको बेला आफ्नै घरभित्र कुनै प्रकारको हिंसा (मानसिक, शारीरिक वा यौनिक हिंसा) भोग्नुभएको छ ?

- ○ छ
- ○ छैन

२६. यदि छ भने, तपाईंले आफूमाथि भएको घरेलु हिंसाबारे कुनै संस्था वा प्रहरीसामु उजुरी गर्नुभएको छ ?

- ○ छ
- ○ छैन

२७. तपाईंको संस्थाबाट तपाईंले कोभिड-१९ का बेला कुनै किसिमको सहयोग प्राप्त गर्नुभयो कि भएन ?

- ○ प्राप्त गरेँ
- ○ प्राप्त गरिनँ

२८. यदि कुनै किसिमको सहयोग प्राप्त भएको भए कस्तो सहयोग पाउनुभएको थियो ?

- ○ आर्थिक सहयोग
- ○ मानसिक तनाव कम गर्नका लागि अनलाइन तालिमको व्यवस्था
- ○ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दाता संस्थाहरूसँग सहयोगका लागि समन्वय
- ○ मिडियासँग सम्बन्धित सङ्घसंस्थाहरूसँग सहयोगका लागि समन्वय
- ○ अन्य

२९. के तपाईंको संस्थाले तपाईंको स्वास्थ्य बिमा गरेको छ ?

- ○ छ
- ○ छैन
- ○ थाहा छैन

३०. के तपाईंले महामारीको रिपोर्टिङ गर्नुअघि महामारी सुरक्षासम्बन्धी कुनै तालिम लिनुभएको छ ?

- ○ छ
- ○ छैन

३१. तपाईंले फिल्ड रिपोर्टिङ गर्न जाँदा के तपाईंको संस्थाबाट महामारी सुरक्षाका लागि आवश्यक निम्न सामग्रीहरू पाउनुभयो ?

- ○ मास्क
- ○ पन्जा
- ○ हेन्ड स्यानिटाइजर
- ○ केही पनि दिएनन्

३२. तपाईंले फिल्ड रिपोर्टिङ गर्न जाँदा के-कस्तो सावधानी प्रयोग गर्दै हुनुहुन्छ ?

- ○ महामारी सुरक्षाका लागि मास्क, पन्जा, हेन्ड स्यानिटाइजर आदिको प्रयोग गर्ने
- ○ स्थलगत भ्रमण गर्दा र अन्तर्वार्ता लिँदा भौतिक दूरी कायम गर्ने

- ○ स्वास्थ्य मन्त्रालय र WHO ले प्रकाश गरेको सुरक्षा नीति अपनाउने
- ○ अन्य

३३. के तपाईंलाई पत्रकारितामा सूचनाको हकबारे थाहा छ ?

- ○ छ
- ○ छैन

३४. कोभिड-१९ महामारीको बेलामा सूचना सङ्कलन गर्न कस्तो महसुस भएको छ ?

- ○ सहज
- ○ कठिन
- ○ ठिकठिकै

३५. यदि गाह्रो भएको भए सम्बन्धित अधिकारीहरूबाट कस्तो जवाफ पाउनुभयो ?

- ○ यस्तो महामारीमा पनि के यस्तो सूचना मागिरहनुभएको ?
- ○ अहिले यो महत्वपूर्ण विषय नै होइन
- ○ यत्तिका मानिस महामारीबाट प्रभावित भइरहेका छन्, महामारीको समाचार लेख्नुस् न
- ○ अन्य

३७. महिला, पुरुष वा अन्य पत्रकारबीच हुने लैङ्गिक असमानता र विभेद हुन नदिन महामारी र महामारीपछिका समयमा कस्तो खालको नीति ल्याउनुपर्छ वा वर्तमान नीतिमा के-कस्तो परिवर्तन ल्याउनुपर्छ जस्तो लाग्छ ?

## अनुसूची २

# प्रश्नावलीलक्षित समूहगत छलफल (एफजिडी)

१. के तपाईं कोभिड-१९ महामारी र लकडाउनको बेला मिडिया र पत्रकारिता क्षेत्रमा काम गर्दाको अनुभव सुनाउन चाहनुहुन्छ ?

२. महामारीका कारण तपाईंको जीवनमा (मनोवैज्ञानिक, सामाजिक, आर्थिक वा अन्य) कस्तो असर परेको छ ? त्यसबारे केही भन्न चाहनुहुन्छ ?

३. सोका कारण तपाईंको पेसागत र व्यक्तिगत जीवनमा कस्तो असर परेको छ ?

४. के तपाईंले महामारी र लकडाउनको बेला मिडिया क्षेत्रमा लैङ्गिक असमानता वा भेदभाव महसुस गर्नुभएको छ ? यदि छ भने कस्तो भेदभाव महसुस गर्नुभएको छ र किन यस्तो भेदभाव हुन्छ जस्तो लाग्छ ?

५. के तपाईंले महामारी र लकडाउनको बेला कार्यक्षेत्र वा घरभित्रै कुनै प्रकारको हिंसा भोग्नुभएको छ ? यदि छ भने त्यसबारे केही भन्न चाहनुहुन्छ ?

६. मिडिया क्षेत्रमा हुने गरेको लैङ्गिक असमानता वा भेदभाव हटाउन राज्य र मिडिया सञ्चालकको के-कस्तो भूमिका हुन सक्छ ?

७. महिला, पुरुष वा अन्य पत्रकारबीच हुने लैङ्गिक असमानता र विभेद हुन नदिन महामारी र महामारीपछिका समयमा कस्तो खालको नीति ल्याउनुपर्छ वा वर्तमान नीतिमा के-कस्तो परिवर्तन ल्याउनुपर्छ जस्तो लाग्छ ?

८. महामारी र विपत्तिको बेला महिला पत्रकारको हकहितका निम्ति के गर्न सकिन्छ जसले गर्दा उनीहरूको पेसागत र व्यक्तिगत दुवै जीवनमा हुन सक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न सकियोस् ?